
मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा अन्त्यका लागि स्थानीय सरकारको भूमिका

# क्षमता अभिवृद्धि प्रशिक्षण निर्देशिका



USAID
अमेरिकी जनताबाट

WINROCK INTERNATIONAL

for a larger freedom
स्वतन्त्रता अभियान
SWATANTRATA ABHIYAN

UKaid
from the British people

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा अन्त्यका लागि

# स्थानीय सरकारको भूमिका

# क्षमता अभिवृद्धि प्रशिक्षण निर्देशिका

प्रकाशक

स्वतन्त्रता अभियान नेपाल

हाम्रो सम्मान परियोजना

*विनरक इन्टरनेसनल, अमेरिकी सहयोग नियोग तथा बेलायती सहयोग नियोगको सहयोगमा*

यो निर्देशिका संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय सहयोग नियोग (युएसएआइडी) मार्फत् अमेरिकी जनता तथा बेलायत सरकारको अन्तर्राष्ट्रिय सहायता नियोग (युकेएड) को उदार सहयोगबाट सम्भव भएको हो । यस निर्देशिकाका विषयवस्तुहरू स्वतन्त्रता अभियान नेपालका जिम्मेवारी हुन् र तिनले युएसएड वा अमेरिकी सरकार, युकेएड वा बेलायती सरकार तथा विनरक इन्टरनेसनलका विचारहरू प्रतिबिम्बित नगर्न पनि सक्छन् । यस निर्देशिकाका अंशहरू नाफा कमाउने उद्देश्यले बिक्रीवितरण गर्न पाइनेछैन ।

सामाजिक अभियान तथा सार्वजनिक हितका लागि, नाफा रहित प्रयोजनमा यस निर्देशिकाका अंशहरू, प्रकाशकको अनुमतिले पुनउत्पादन गर्न, प्रस्तुत गर्न तथा फोटोकपी गर्न र वितरण गर्न सकिनेछ ।

**प्रकाशित मिति** : २०७६ चैत
**प्रकाशित प्रति** : १५० प्रति
**सर्वाधिकार** : स्वतन्त्रता अभियान नेपाल, २०७६
**डिजाइन** : टाइम्स क्रिएसन, पुतलीसडक

यस निर्देशिकाको बारेमा कुनै सुझाव वा प्रतिक्रिया भएमा वा पुनरुत्पादन अनुमतिका लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ :

**हाम्रो सम्मान परियोजना**
विनरक इन्टरनेसनल नेपाल कार्यालय
महाराजगन्ज, काठमाडौं
फोन : ९७७ १ ४३७१४३४
इमेल : hamro.samman@winrock.org

**स्वतन्त्रता अभियान नेपाल**
बखुन्डोल, ललितपुर
फोन : ०१ ५५४६७४६, ०१ ५५४६७९०
इमेल : swatantrataabhiyan@gmail.com
www.swatantrataabhiyan.org

**माननीय श्री पार्वत गुरुङ**

**मन्त्री, नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

# शुभकामना सन्देश

मानव बेचबिखन नेपाली समाजमा रहेको गम्भीर समस्या हो । नेपाल सरकारले मानव बेचबिखनलाई कानुनी रूपमा अपधारीकरण गरी निषेधित गरेको छ । यद्यपि विभिन्न बहानामा देशभित्रै र देश बाहिर नेपाली नागरिकहरू बेचबिखनको सिकार भइरहेका छन् भने ठुलो सङ्ख्याका मानिसहरू बेचबिखनको जोखिममा रहेको प्रतिवेदनहरूले देखाएका छन् ।

नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि मानव बेचबिखन नियन्त्रण ऐन तथा नियमावली लागू गरेको छ भने मानव बेचबिखन अन्त्यका लागि राष्ट्रिय कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिरहेको छ । नेपाल सरकारको १५औं आवधिक योजना तथा दिगो विकास लक्ष्य कार्यान्वयन मार्गचित्रमा पनि मानव बेचबिखन तथा ओसारपसारको अन्त्य एक महत्वपूर्ण कार्यक्षेत्र रहेको छ ।

मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि सङ्घीय सरकारको एकल प्रयास मात्र पर्याप्त हुँदैन । यसका लागि सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको साझा र समन्वयीकृत प्रयासहरू हुन जरुरी छ । मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि स्थानीय तथा प्रदेश सरकारहरूले पनि आफ्ना नीति तथा कार्य योजनाहरू निर्माण गर्ने, यस सम्बन्धी संयन्त्रहरूको गठन र परिचालन गर्ने कार्यहरू गर्न जरुरी छ । यस प्रयासमा नागरिक सङ्गठन, विकास साझेदार, सञ्चार माध्यम तथा निजी क्षेत्रको सहभागिता पनि अत्यन्तै महत्वपूर्ण र आवश्यक रहन्छ ।

स्वतन्त्रता अभियान नेपालले हाम्रो सम्मान परियोजना अन्तर्गत विनरक इन्टरनेसनल, अमेरिकी सहयोग नियोग तथा बेलायती सहयोग नियोगसँगको सहकार्यमा यस मन्त्रालयको नीति र कार्यक्रम अनुरूप स्थानीय तथा प्रदेश तहमा मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि नीतिगत पैरवी, प्राविधिक सहायता तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिरहेको सन्दर्भमा म यस प्रयासको प्रशंसा गर्दछु ।

स्थानीय तहलाई मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि सहयोग पुऱ्याउन उत्पदान गरिएको यस सन्दर्भ सामग्री तथा प्रशिक्षण निर्देशिकाको अधिकतम उपयोग र प्रभावकारी प्रयोगका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि हामी सबै एकजुट होऔं ।

..................

मन्त्री, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मिति : ... ... ... ... ... ... ... ... ...

# प्रकाशकीय

नेपालले महिला तथा बालबालिकाको संरक्षण तथा तिनका अधिकारको संवर्द्धन र समानताको प्रवर्द्धनका क्षेत्रमा धेरै उपलब्धि हासिल गरिसकेको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रतात्मक शासन प्रणालीमा तीन तहको राज्य संरचनाले जनताको अधिकार र विकासका लागि घर दैलोमा नै अधिकार सहितको स्थानीय सरकारको व्यवस्था गरेको छ ।

मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि नेपालले विगत लामो समयदेखि विभिन्न नीतिगत तथा कार्यक्रमिक प्रयासहरू सञ्चालन गरिरहेको छ । विश्वव्यापीकरणसँगै बढेको मानव आवागमन, बजारको विस्तार आदि कारणले मानव बेचबिखन तथा ओसारपसारका नयाँ स्वरूप तथा प्रवृत्तिहरू पनि देखा परिरहेका छन् ।

यस सन्दर्भमा मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि केवल सङ्घीय सरकारको पहल, प्रहरी परिचालन र कानुनी दण्डसजाय मात्र पर्याप्त देखिदैन । यसका लागि स्थानीय रोजगारीका अवसरहरू सृजना गर्न, स्थानीय तहमा व्यक्तिहरूको संरक्षण र सुरक्षाको व्यवस्था गर्न, रोजगारी तथा श्रमका क्षेत्रहरूको अनुगमन गर्न र तथ्याङ्क राख्न जरुरी छ ।

सङ्घीय संरचनामा स्थानीय सरकार विकासमूलक र सेवा प्रवाहको प्रमुख जिम्मेवारीयुक्त सरकार भएका कारण यसले मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि पर्याप्त कार्यहरू गर्न सक्दछ । यसै सन्दर्भमा स्थानीय तहको मानवीय सुरक्षा सम्बन्धी राजनीतिक प्रतिबद्धतालाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न नीतिगत तथा कार्यक्रमिक सहायता गर्ने उद्देश्यले मानव बेचविखत तथा ओसारपसारविरुद्ध हाम्रो सम्मान परियोजना सञ्चालनमा रहेको छ । यसै परियोजना अन्तर्गत स्थानीय तहको क्षमता अभिवृद्धिका निम्ति यो निर्देशिका तयार गरिएको हो । यस निर्देशिकाको लेखन तथा सम्पादन प्रक्रियामा सहयोग गर्नुहुने परामर्शदाता मिलन धरेल, मणि आचार्य, ऋतु भट्ट राई तथा भाषा सम्पादन गर्नुहुने दिवाकर प्याकुरेललाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस निर्देशिकाको निर्माण र प्रकाशनमा आर्थिक तथा प्राविधिक सहायता प्रदान गर्ने विनरक इन्टरनेसनल हाम्रो सम्मान परियोजना, अमेरिकी सहयोग नियोग, बेलायत सहयोग नियोग तथा हाम्रो सम्मान परियोजनाका क्यारोलिन ट्यानर, सबिना प्रधान लगायतका साथीहरूलाई धन्यवाद दिन चाहान्छु ।

**प्रा. चन्द्रकला शर्मा**
अध्यक्ष, स्वतन्त्रता अभियान नेपाल

# विषय सूची


| | | |
|---|---|---|
| **पाठ – १ :** | **प्रशिक्षण तयारी तथा निर्देशिका परिचय** | ९ |
| **पाठ – २ :** | **प्रशिक्षण र प्रशिक्षण तयारी** | ११ |
| **पाठ – ३ :** | **प्रशिक्षण निर्देशिका** | १७ |
| **पहिलो दिन :** | **मानव बेचबिखनको अवधारणा तथा नीतिगत व्यवस्था** | १७ |
| **पहिलो सत्र** : | उद्घाटन | १९ |
| **दोस्रो सत्र** : | परिचय, अपेक्षा सङ्कलन तथा उद्देश्यबारे चर्चा | २१ |
| **तेस्रो सत्र** : | मानव बेचबिखन तथा ओसारपसारको अवधारणामा स्पष्टता | २५ |
| **चौथो सत्र** : | मानव बेचबिखनका जोखिमहरू | ३१ |
| **पाँचौं सत्र** : | मानव बेचबिखन सम्बन्धी कानुनी व्यवस्थाहरू | ३५ |
| **छैटौं सत्र** : | मानव बेचबिखन अन्त्यका लागि नेपालका नीति तथा कार्यक्रम र स्थानीय तहका भूमिका | ३९ |
| **सातौं सत्र** : | मानव बेचबिखन नियन्त्रणसम्बन्धी स्थानीय सहायता संरचना | ४३ |
| **आठौं सत्र** : | समीक्षा र स्थगन | ४९ |
| **दोस्रो दिन :** | **मानव बेचबिखन अन्त्यका लागि स्थानीय सरकारको कार्य प्रक्रिया र कार्य योजना** | ५१ |
| **नवौं सत्र** : | पुनरवलोकन | ५३ |
| **दशौं सत्र** : | स्थानीय समितिको गठन र परिचालन | ५५ |
| **एघारौं सत्र** : | स्थानीय सहायता कोष | ५७ |
| **बाह्रौं सत्र** : | तथ्याङ्क व्यवस्थापन | ५९ |
| **तेह्रौं सत्र** : | स्थानीय तहको कार्यक्रम कार्य योजना | ६१ |
| **चौधौं सत्र** : | समीक्षा, मूल्याङ्कन तथा समापन | ६३ |

## पाठ – १

# प्रशिक्षण तयारी तथा निर्देशिका परिचय

मानव बेचबिखन तथा ओसारपसार नेपाली समाजले भोगिरहेको एक प्रमुख समस्याको रूपमा रहेको छ । बेरोजगार, वैदेशिक रोजगारीको खोजीमा रहेका एवं सहरी जीवनशैलीको आकर्षणमा रहेका युवा तथा किशोरकिशोरीहरू मानव बेचबिखन तथा ओसारपसारको गम्भीर जोखिममा रहेका छन् ।

नेपालको सङ्घीय राज्य संरचनामा सङ्घीय, प्रदेश तथा स्थानीय सरकारहरूले स्वतन्त्र र संयुक्त रूपमा मानव बेचबिखन तथा ओसारपसारको अन्त्य, रोकथाम तथा न्यूनीकरणका लागि विभिन्न कार्यहरू गर्न सक्दछन् । नेपालमा यसका लागि आवश्यक संवैधानिक प्रतिबद्धता तथा नीतिगत व्यवस्था पनि रहेको छ ।

यसै सन्दर्भमा स्थानीय सरकारका जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय तहमा क्रियाशील नागरिक सङ्गठनका प्रतिनिधिहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरुद्धका कार्यक्रमहरू निर्माण र कार्यान्वयन गर्न क्षमता विकास र सचेतीकरणका लागि यो प्रशिक्षण निर्देशिकाको उत्पादन र वितरण गरिएको हो । यस निर्देशिकामा उल्लेखित अध्ययन सामग्रीहरूले स्थानीय तहका सरकार तथा स्थानीय नागरिक सङ्गठनहरूलाई मानव बेचबिखन अन्त्यका लागि कार्यक्रमहरू निर्माण र कार्यान्वयन गर्न तथा नीतिगत र संरचनागत व्यवस्था गर्न सहयोग पुर्‍याउन सक्दछ ।

यो निर्देशिकाको उत्पादनका लागि, अमेरिकी सहायता नियोग (युएसएड) तथा बेलायती विकास सहयोग नियोग (युकेएड)को सहयोगमा विनरक इन्टरनेसनलले स्वतन्त्रता अभियान नेपालसँगको सहकार्यमा सञ्चालन गरेको 'हाम्रो सम्मान परियोजना'को सहयोग रहेको छ । यो पुस्तकको तयारी तथा निर्माण चरणमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सङ्घीय मामला तथा सामान्य प्रशासन मन्त्रालय, श्रम मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् लगायत नेपाल सरकारका विभिन्न निकायसँगै गाउँपालिका तथा नगरपालिका महासङ्घका प्रतिनिधिहरूसँग परामर्श गरी रायसुझाव लिइएको थियो ।

### उद्देश्य

मानव बेचबिखन तथा ओसारपसारको जोखिम न्यूनीकरण गर्न र मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूलाई सहायता प्रदान गर्दै सम्मानित जीवनयापनका लागि सहयोगी परिवेश सृजना गर्न स्थानीय तहका सरकारलाई आवश्यक नीति तथा कार्यक्रमहरू अवलम्बन गर्न प्रेरित गर्नु तथा सहयोग पुर्‍याउनु नै यस प्रशिक्षण निर्देशिकाको मुख्य उद्देश्य हो । यसका साथै यसले निम्न उद्देश्य लिएको छ :

- स्थानीय सरकारका पदाधिकारी तथा स्थानीय स्तरमा कार्यरत नागरिक सङ्घसङ्गठनका पदाधिकारी तथा कर्मचारीहरूलाई नेपालमा मानव बेचबिखन तथा ओसारपसारको अवस्था, जोखिम तथा रोकथामका उपायहरूबारे जानकारी प्रदान गर्ने

- मानव बेचविखन तथा ओसारपसार रोकथाममा स्थानीय तहका नीति तथा कार्यक्रम, संरचनागत व्यवस्था निर्माणका लागि आवश्यक आधारभूत जानकारी प्रदान गर्ने
- मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित सङ्घीय कानुनी व्यवस्था तथा अन्तर्राष्ट्रिय मापदण्डहरू र स्थानीय तह तथा यसका पदाधिकारीहरूको जिम्मेवारीबारे जानकारी प्रदान गर्ने
- स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध क्रियाशील सङ्घसंस्थाहरूलाई स्थानीय तहमा सञ्चालन गर्न सकिने अभियान, पैरवी तथा सहकार्यका कार्यक्रमहरूबारे जानकारी प्रदान गर्ने
- स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसारको अवस्था मापन, तथ्याङ्क सङ्कलन तथा उपलब्ध सेवाहरूको नक्साङ्कन एवं प्रेषण प्रणालीको निर्माण र कार्यान्वयनका विधिहरूबारे स्थानीय सरकारका जनप्रतिनिधि, सङ्घसंस्था तथा कर्मचारीहरूलाई जानकारी प्रदान गर्ने
- स्थानीय तहका पदाधिकारी तथा नागरिक सङ्गठनका प्रतिनिधिहरूमाझ मानव बेचबिखन तथा ओसार पसार रोकथाम र न्यूनीकरण सम्बन्धी प्रशिक्षण कार्यशाला सञ्चालनका लागि विधि, विषयवस्तुहरूको जानकारी प्रदान गर्ने ।

## यो पुस्तकका लक्षित पाठकहरू

स्थानीय सरकार अन्तर्गतका स्थानीय कार्यपालिका र स्थानीय सभाका पदाधिकारी तथा सदस्यहरू, स्थानीय सरकारका महिला तथा बालबालिका शाखाका कर्मचारीहरू, स्थानीय तहका संरक्षण समिति तथा मानव बेचबिखन विरुद्धका समितिका सदस्यहरू, स्थानीय तहमा कार्यरत सङ्घसंस्थाका प्रतिनिधिहरू, नागरिक समाज, किशोरकिशोरी समूह तथा अन्य विभिन्न समूहका पदाधिकारीहरू यो पुस्तकका लक्षित पाठक हुन् । यो पुस्तकले लक्षित पाठकहरूलाई मानव बेचविखन तथा ओसारपसार, यसका विरुद्ध रहेका कानुनी प्रावधान तथा स्थानीय स्तरमा गर्नुपर्ने र गर्न सकिने कार्यहरूका बारेमा जानकारी दिनेछ ।

यसका साथै स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसार रोकथाम र न्यूनीकरण सम्बन्धी प्रशिक्षण कार्यशालामा सहजीकरण गर्ने स्रोत व्यक्ति तथा सहजकर्ताहरूलाई पनि यस पुस्तकले आधारभूत जानकारी प्रदान गर्नेछ ।

## पाठ – २

# प्रशिक्षण र प्रशिक्षण तयारी

यस पुस्तकमा उल्लेखित सामग्रीहरू स्थानीय तहका प्रतिनिधि एवं मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय तहमा गठन हुने समितिका सदस्यहरूका लागि तयार गरिएको हो । यसमा उल्लेखित अध्ययन सामग्रीहरू मानव बेचबिखन तथा ओसापसारविरुद्धका अन्य प्रशिक्षण कार्यका लागि प्रयोग गर्न सकिन्छ ।

मानव बेचबिखन नियन्त्रण स्थानीय समितिका सदस्यहरूको प्रशिक्षणका लागि दुई दिनको कार्य तालिका बनाइएको छ । त्यसै गरी स्थानीय सभाका सदस्यहरूका लागि एक दिने प्रशिक्षण कार्यक्रम निर्धारण गरिएको छ ।

यस प्रशिक्षणमा स्थानीय स्तरमा गठन भएका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिका सदस्यहरू सहभागी हुन सक्नेछन् । स्थानीय तहमा यस्तो समिति गठन नभएको अवस्थामा स्थानीय तहका कार्यपालिका सदस्य एवं सम्बन्धित शाखाका प्रमुखहरूलाई सहभागी गराएर पनि यस किसिमको प्रशिक्षण सञ्चालन गर्न सकिनेछ । सामान्यतया एक प्रशिक्षण कार्यक्रममा ३० देखि ३५ जनासम्म सहभागी गराउन सकिनेछ । यस कार्यक्रमका सहभागीहरू निम्न रहन सक्छन् :

- स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिकाका सदस्यहरू
- स्थानीय तह सामाजिक शाखा, महिला बालबालिका शाखाका प्रमुख एवं तोकिएका कर्मचारी
- स्थानीय सभा अन्तर्गत सामाजिक क्षेत्र हेर्ने तथा महिला, बालबालिका समितिका अध्यक्ष तथा सदस्यहरू
- मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित एवं जोखिम समूहको प्रतिनिधि
- स्थानीय प्रहरी चौकी, स्वास्थ्य स्वयंसेविका तथा स्थानीय तहभित्रका सामुदायिक विद्यालयका प्रतिनिधि
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि स्थानीय तहमा कार्यरत संस्थाका प्रतिनिधि ।

स्थानीय तहमा सञ्चालन गरिने प्रशिक्षणबाट निम्न परिणाम अपेक्षा गरिएको छ :

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समितिका सदस्य तथा पदाधिकारीहरू मानव बेचबिखन, यसको अवस्था, स्वरूप, जोखिम, कानुनी व्यवस्था तथा स्थानीय तहको जिम्मेवारीहरूबारे स्पष्ट हुनेछन् ।
- सहभागीहरू स्थानीय तहमा मानव बेचबिखनका जोखिम समूह तथा अवस्था र आवश्यक कार्यक्रमहरूको पहिचान गर्न सक्षम हुनेछन् ।

- स्थानीय तहका प्रतिनिधिहरू मानव बेचबिखनका प्रमुख जोखिम क्षेत्रहरू (मनोरञ्जन व्यवसाय, वैदेशिक रोजगारी तथा बाध्यकारी श्रम र यौन व्यवसाय)को अनुगमन, नियमन गर्दै तिनलाई सुरक्षित र सहज बनाउन तथ्याङ्क सङ्कलन, सचेतना, पीडित सहायता, प्रेषण प्रणाली लगायतका कार्यक्रमहरू अवलम्बन गर्न सहमत हुनेछन् र कार्ययोजना तयार पार्नेछन् ।

यस प्रशिक्षण कार्यक्रममा निम्न विषयवस्तुहरू मुख्य रूपमा समेटिनेछन् : क) मानव बेचबिखनको अवधारणा, अवस्था र जोखिम समूहहरू; ख) मानव बेचबिखन नियन्त्रणका लागि कानुनी व्यवस्था तथा जिम्मेवारीहरू; ग) मानव बेचबिखन नियन्त्रणका लागि स्थानीय तहको सरकारले अवलम्बन गर्न सक्ने नीतिगत, कार्यक्रमिक, संरचनागत व्यवस्थाहरू; र घ) मानव बेचबिखन नियन्त्रणका लागि स्थानीय तहको कार्ययोजना ।

प्रशिक्षण कार्यक्रममा एकभन्दा बढी स्थानीय तहका प्रतिनिधिहरू सहभागी हुने भएमा यस प्रशिक्षण कार्यक्रम जिल्ला समन्वय समितिको समन्वय र सहकार्यमा गर्नु उपयुक्त हुन्छ ।

## आयोजक, प्रशिक्षक तथा सहजकर्ताले गर्नुपर्ने तयारी

*आयोजकले गर्नुपर्ने तयारी*

- **प्रशिक्षणका लागि आवश्यक सामग्रीहरूको व्यवस्था :** क) लेख्ने नोटबुक र कलम, क्लियर ब्याग वा झोला (सहभागी सङ्ख्या अनुसार), ख) ठुलो न्युजप्रिन्ट (१० वटा), ग) मार्कर (विभिन्न रङका ६ वटा), घ) बोर्ड मार्कर (विभिन्न रङका ४ वटा), ङ) मेटा कार्ड (१०० ओटा), च) मास्किङ टेप (२ वटा), छ) साइनपेन (२ दर्जन), ज) प्रोजेक्टर र ल्यापटप (विद्युत् तथा हलको उपलब्धता अनुसार), झ) कार्यक्रममा आवश्यक पावरपोइन्ट प्रस्तुति वा अध्ययन सामग्रीका फोटोकपी, ञ) सहभागीका लागि तालिम अगाडि र पछाडिको परीक्षण प्रश्नावली, ट) सहभागीहरूका लागि स्यानिटरी प्याड सहित सामान्य औषधी राखिएको प्राथमिक उपचारको बाकस, ठ) कार्यक्रमको ब्यानर (कार्यक्रमको नाम, मिति, आयोजक, समन्वय र सहयोगी स्पष्ट उल्लेख भएको), ड) उपस्थिति फारम, यातायात खर्च उपलब्ध गराउने भए यातायात खर्च माग फारम तथा भुक्तानी भर्पाइहरू, ढ) मानव बेचबिखन तथा ओसारपसारका विषयसँग सम्बन्धित निःशुल्क उपलब्ध हुने अध्ययन सामग्रीहरू ।

  यी सामग्रीहरू सहभागीको सङ्ख्या र प्रशिक्षण अवधि अनुरूप घटबढ गर्न सकिन्छ ।

- **सहभागीहरूका लागि निमन्त्रणा :** कार्यक्रममा सहभागी हुने सबैका लागि कार्यक्रम हुनुभन्दा एक हप्ता अगाडि नै निमन्त्रणा पठाइसक्नुपर्दछ । निमन्त्रणामा कार्यक्रमको नाम, उद्देश्य, कार्यक्रम हुने मिति, समय र स्थान तथा सहभागीलाई उपलब्ध हुने सुविधाहरू स्पष्ट उल्लेख गर्नुपर्दछ । कार्यक्रम हुनुभन्दा न्यूनतम पनि दुई दिनअघि कार्यक्रममा निमन्त्रणा पठाइएकाहरूको सहभागिताको सुनिश्चितताका लागि व्यक्तिगत रूपमा टेलिफोन गरी सहभागिता पक्का गर्नुपर्दछ । यसरी निमन्त्रणा पठाउँदा प्रशिक्षणको प्रकृति र सहभागी अनुसार जिल्ला समन्वय समिति वा सम्बन्धित स्थानीय तहको आधिकारिक पत्र मार्फत् निमन्त्रणा भएमा कार्यक्रमको प्रभावकारिता अझ बढ्छ ।

- **स्रोत व्यक्तिको व्यवस्था र पूर्व छलफल :** कार्यक्रमभन्दा पहिले नै स्रोत व्यक्ति, प्रशिक्षक तथा सहजकर्तासँग छलफल गर्नु जरुरी हुन्छ । उक्त छलफलमा सहभागीहरूको विवरण (शैक्षिक अवस्था, धार्मिक तथा सांस्कृतिक विशेषताहरू, राजनीतिक अवस्था आदि), कार्यक्रमका अपेक्षित उपलब्धि, विषयवस्तु तथा प्रशिक्षण विधि, प्रशिक्षण स्थलको प्राविधिक अवस्था (यातायात, भौगोलिक अवस्था, विद्युत् आदि)का बारेमा जानकारी गराई तयारी गर्न सुझाव दिनुपर्दछ । प्रशिक्षण सुरु हुनुभन्दा अघिल्लो दिनमै स्रोत व्यक्ति तथा सहजकर्ता र आयोजक सम्बन्धित प्रशिक्षण स्थलमा पुगिसक्नुपर्दछ र बसाइ व्यवस्थाको तयारी गर्नुपर्दछ ।

*स्रोत व्यक्ति, प्रशिक्षक वा सहजकर्ताले गर्नुपर्ने तयारी तथा ध्यान दिनुपर्ने कुराहरू*

- **विषयवस्तुको पर्याप्त अध्ययन :** स्रोत व्यक्तिले मानव बेचबिखन तथा ओसारपसार र स्थानीय तहको भूमिका सम्बन्धी विषयहरूका बारेमा विभिन्न आधिकारिक जानकारी, कानुनी व्यवस्था, नीतिगत व्यवस्था तथा संरचनाहरू र असल अभ्यास एवं सिकाइहरूबारे पर्याप्त अध्ययन गर्नुपर्दछ । प्रशिक्षण निर्देशिका, विधि तथा सहयोगी सामग्रीहरूको अध्ययन गरी सम्बन्धित विषयहरूमा आफू स्पष्ट हुनुपर्दछ । प्रशिक्षण कार्यक्रमको उद्देश्य तथा अपेक्षित उपलब्धिहरूका बारेमा आयोजकसँग छलफल गरेको हुनुपर्दछ ।

- **सहभागीहरूको अवस्था र परिवेशबारे जानकारी सङ्कलन :** स्रोत व्यक्तिले आयोजकसँग बसी सहभागीहरूको पृष्ठभूमि, प्रशिक्षण क्षेत्रको सांस्कृतिक तथा राजनीतिक परिवेश, चलन तथा मूल्यमान्यताहरूका बारेमा जानकारी लिनुपर्दछ र सोही अनुसार आफुलाई निष्पक्ष, विषय केन्द्रित बनाउन तयारी गर्नुपर्दछ ।

- **आचारसंहिता तथा नैतिकतापूर्ण व्यवहार :** स्रोत व्यक्तिले प्रशिक्षण कार्यक्रममा निम्न आचारसंहिताको पालना गर्नुपर्दछ :

    - सहभागीहरूप्रति सम्मानपूर्ण व्यवहार गर्ने, सहभागीलाई सम्बन्धित विषयमा आफ्ना भनाइ राख्ने अवसर प्रदान गर्ने, कुरा सुन्ने र उपयुक्त ढङ्गले सम्बोधन गर्ने ।
    - महिला, दलित, यौनिक अल्पसङ्ख्यक, जनजाति, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, अन्य जातजाति, धर्म, सम्प्रदाय वा लैङ्गिक समूहप्रति भेदभावपूर्ण तथा हेयपूर्ण बोली, उखान, उदहारण, खेल तथा व्यवहार प्रस्तुत नगर्ने ।
    - कसैसँग पनि यौन आशय झल्कने व्यवहार नगर्ने, यस्ता विषयमा ख्याल वा हाँसोठट्टा नगर्ने ।
    - कुनै राजनीतिक दल, धार्मिक, जातिगत समूह तथा सम्प्रदायप्रति विशेष आस्था, झुकाव वा समर्थन व्यक्त नगर्ने ।
    - राजनीतिक दल, प्रणाली वा व्यवस्था तथा निश्चित नेताप्रति आक्षेप, आरोप व्यक्त नगर्ने
    - रोग तथा व्यक्तिगत कानुनी समस्याका विषयहरूमा विस्तृत रूपमा जानकारी नलिईकनै सुझाव परामर्श दिने, औषधी प्रदान गर्ने वा किन्न लगाउने काम नगर्ने ।
    - आफ्ना निजी पारिवारिक मामिला, निजी व्यवसाय वा राजनीतिक सहभागिताका बारेमा चर्चा, प्रचार नगर्ने ।
    - प्रशिक्षण स्थलमा धूमपान, मद्यपान, सुर्ती सेवनजस्ता कार्यहरू नगर्ने ।
    - निष्पक्षता, उच्च नैतिकता र सदाचारपूर्ण व्यवहार प्रस्तुत गर्ने ।
    - आयोजकले दिएका सुझावहरू तथा ध्यान दिनुपर्ने कुराहरूको पालना गर्ने ।

# प्रशिक्षण कार्यक्रम तालिका

## १. मानव बेचबिखन नियन्त्रण स्थानीय समितिका सदस्यहरूका लागि प्रशिक्षण तालिका

| दिन तथा समय | प्रशिक्षणको विषय | विधि |
|---|---|---|
| **दिन १ : मानव बेचबिखनको अवधारणा तथा नीतिगत व्यवस्था** | | |
| ९ देखि ९:३० | उद्घाटन | औपचारिक |
| ९:३० देखि १०:३० | परिचय, अपेक्षा सङ्कलन तथा उद्देश्यबारे चर्चा | व्यक्तिगत लेखन, जोडी परिचय तथा प्रस्तुति |
| १०:३० देखि १०:५० | चिया विश्राम | |
| १०:५० देखि १२:०० | मानव बेचबिखन तथा ओसारपसारको अवधारणामा स्पष्टता | खुला छलफल, सानो सामूहिक छलफल |
| १२:०० देखि १:०० | मानव बेचबिखनका जोखिमहरू | खुला छलफल, सामूहिक कार्य |
| १:०० देखि २:०० | खाना विश्राम | |
| २:०० देखि ३:०० | मानव बेचबिखन सम्बन्धी कानुनी व्यवस्थाहरू | चिठ्ठा खेल र व्याख्या |
| ३:०० देखि ४:०० | मानव बेचबिखन अन्त्यका लागि नेपालका नीति तथा कार्यक्रम र स्थानीय तहको भूमिका | सामूहिक छलफल र प्रस्तुति |
| ४:०० देखि ४:२० | चिया विश्राम | |
| ४:२० देखि ५:३० | मानव बेचबिखन नियन्त्रण सम्बन्धी स्थानीय तहको कार्य प्रक्रिया | अन्तर्क्रियात्मक प्रस्तुति, व्यक्तिगत लेखन र खुला छलफल |
| ५:३० देखि ६:०० | समीक्षा र स्थगन | |
| **दिन २ : मानव बेचबिखन अन्त्यका लागि स्थानीय सरकारको कार्य प्रक्रिया र कार्य योजना** | | |
| ९:०० देखि ९:३० | पुनरवलोकन | व्यक्तिगत लेखन र प्रस्तुति |
| ९:३० देखि १०:३० | स्थानीय समितिको गठन र परिचालन | समूह कार्य र प्रस्तुति |
| १०:३० देखि १०:५० | चिया विश्राम | |
| १०:५० देखि १२:०० | स्थानीय सहायता कोष | अन्तर्क्रियात्मक प्रस्तुति |
| १२:०० देखि १:०० | तथ्याङ्क व्यवस्थापन | व्यक्तिगत लेखन र खुला छलफल |
| १:०० देखि २:०० | खाना विश्राम | |
| २:०० देखि ३:३० | स्थानीय तहको कार्यक्रम योजना | सामूहिक कार्य |
| ३:३० देखि ४:३० | समीक्षा, धन्यवाद तथा समापन | प्रशिक्षणपछिको सर्वेक्षण तथा समीक्षा फारम<br>औपचारिक कार्यक्रम |

**२. मानव बेचबिखन नियन्त्रणबारे स्थानीय सभा सदस्यहरूका लागि एक दिवसीय अनुशिक्षण कार्यशाला तालिका**

| दिन तथा समय | प्रशिक्षणको विषय | विधि |
|---|---|---|
| **दिन १ : मानव बेचबिखन अवधारणा तथा नीतिगत व्यवस्था** | | |
| ९ देखि ९:३० | उद्घाटन | औपचारिक कार्यक्रम |
| ९:३० देखि १०: ०० | परिचय, अपेक्षा सङ्कलन तथा उद्देश्यबारे चर्चा | व्यक्तिगत अभिव्यक्ति र अन्तर्क्रियात्मक प्रवचन |
| १०:०० देखि १०:३० | मानव बेचबिखन तथा ओसारपसारको अवधारणामा स्पष्टता | खुला छलफल तथा प्रस्तुति |
| १०:३० देखि ११:०० | मानव बेचबिखनका जोखिमहरू | खुला छलफल |
| ११:०० देखि ११:२० | चिया विश्राम | |
| ११:२० देखि १२:३० | मानव बेचबिखन अन्त्यका लागि नेपालका नीति तथा कार्यक्रम र स्थानीय तहको भूमिका | सामूहिक छलफल र प्रस्तुति |
| १२:३० देखि १:३० | खाना | |
| १:३० देखि २:३० | मानव बेचबिखन सम्बन्धी स्थानीय तहका कार्यहरू | प्रस्तुति र सामूहिक कार्य |
| २:३० देखि ३:१५ | कार्य तालिका | खुला छलफल |
| ३:१५ देखि ३:४५ | समीक्षा र समापन | तालिमपछिको समीक्षा तथा मूल्याङ्कन प्रश्नावली औपचारिक समापन |
| ३:४५ देखि ४:०० | चिया तथा बिदाइ | |

***नोट :*** *यस तालिममा प्रयोग हुने प्रशिक्षण सामग्रीहरू मानव बेचविखन नियन्त्रण स्थानीय समितिका सदस्यहरूका लागि तयार गरिएको प्रशिक्षण कार्यक्रमका सन्दर्भसामग्री तथा विधिहरूबाट सहजकर्ताले तयार पार्न सक्नेछन् ।*

पाठ – ३

# प्रशिक्षण निर्देशिका

## पहिलो दिन : मानव बेचबिखनको अवधारणा तथा नीतिगत व्यवस्था

| दिन तथा समय | प्रशिक्षणको विषय | विधि |
|---|---|---|
| ९ देखि ९:३० | उद्घाटन | औपचारिक |
| ९:३० देखि १०:३० | परिचय, अपेक्षा सङ्कलन तथा उद्देश्यबारे चर्चा | व्यक्तिगत लेखन, जोडी परिचय तथा प्रस्तुति |
| १०:३० देखि १०:५० | चिया विश्राम | |
| १०:५० देखि १२:०० | मानव बेचबिखन तथा ओसारपसारको अवधारणामा स्पष्टता | खुला छलफल, सानो सामूहिक छलफल |
| १२:०० देखि १:०० | मानव बेचबिखनका जोखिमहरू | खुला छलफल, सामूहिक कार्य |
| १:०० देखि २:०० | खाना विश्राम | |
| २:०० देखि ३:०० | मानव बेचबिखन सम्बन्धी कानुनी व्यवस्थाहरू | चिठ्ठा खेल र व्याख्या |
| ३:०० देखि ४:०० | मानव बेचबिखन अन्त्यका लागि नेपालका नीति तथा कार्यक्रम र स्थानीय तहको भूमिका | सामूहिक छलफल र प्रस्तुति |
| ४:०० देखि ४:२० | चिया विश्राम | |
| ४:२० देखि ५:३० | मानव बेचबिखन नियन्त्रण सम्बन्धी स्थानीय तहको कार्य प्रक्रिया | अन्तर्क्रियात्मक प्रस्तुति, व्यक्तिगत लेखन र खुला छलफल |
| ५:३० देखि ६:०० | समीक्षा र स्थगन | |

# पहिलो सत्र : उद्‌घाटन

**समय :** ३० मिनेट
**विधि :** औपचारिक
**आवश्यक सामग्री :** उद्‌घाटनका लागि पानस वा मैन बत्ती, अतिथि आसन ग्रहणको व्यवस्था

## उद्देश्य

- कार्यक्रमको विधिवत् उद्‌घाटन गर्नु ।
- मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि प्रतिबद्धता व्यक्त गराउनु ।

## अपेक्षित उपलब्धि

कार्यक्रमप्रति स्थानीय स्वामित्व प्रवर्द्धन हुनेछ र स्थानीय नीति निर्माताहरूबाट प्रतिबद्धता प्राप्त हुनेछ ।

## क्रियाकलाप

- स्थानीय प्रचलन अनुसार औपचारिक उद्‌घाटन कार्यक्रमको आयोजना गर्नुहोस् ।
- अधिकतम तीन जना वक्ता राख्नुहोस् ।
- प्रत्येक वक्तालाई पाँचदेखि १० मिनेटसम्म प्रशिक्षण कार्यक्रम र विषयमा केन्द्रित भई भनाइ राख्न लगाउनुहोस् ।

*नोट : स्थानीय परिवेश अनुसार वक्ताहरूको सङ्ख्या थपघट हुन सक्दछ ।*

# दोस्रो सत्र : परिचय, अपेक्षा सङ्कलन तथा उद्देश्यबारे चर्चा

**समय :** ६० मिनेट

**विधि :** व्यक्तिगत लेखन, जोडी परिचय तथा प्रस्तुति

**आवश्यक सामग्री :** मेटाकार्ड, साइनपेन, तालिमपूर्वको परीक्षण प्रश्नावली, न्युजप्रिन्ट, मार्कर, कार्यक्रमको उद्देश्य तथा विषय लेखिएका फ्लिपचार्ट वा पावरपोइन्ट

## उद्देश्य

- सहभागीहरूलाई एकआपसमा चिनाउनु ।
- सहभागीहरूले प्रशिक्षणबाट राखेका अपेक्षाबारे जानकारी लिनु ।
- सहभागीहरूलाई प्रशिक्षणको विषयवस्तु र उद्देश्यबारे जानकारी दिनु ।

## अपेक्षित उपलब्धि

- सहभागीहरूले कार्यक्रमको विषय र सीमितताका बारेमा थाहा पाउनेछन् ।
- सहभागीहरूबिच सहज अन्तर्क्रियात्मक वातावरण बन्नेछ ।

## क्रियाकलाप

- प्रत्येक सहभागीलाई एकएक वटा मेटा कार्ड दिनुहोस् । प्रत्येक मेटाकार्डमा निम्न कुरा लेख्न लगाउनुहोस् (समय ३ मिनेट) :

  नाम : ... ... ... ... ... ... ... ... ... निकाय : ... ... ... ... ... ... ... ... ... पद : ... ... ... ... ... ... ... ... ...

  प्रशिक्षणबाट गरेको अपेक्षा (एउटा) ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
- सहभागीहरूले लेखेका मेटाकार्डलाई एक ठाउँमा जम्मा गर्नुहोस् ।
- आफ्नो परिचय कार्डबाहेक अन्य कुनै परिचय कार्ड झिक्न सहभागीहरूलाई अनुरोध गर्नुहोस् ।
- आफूले पाएको परिचय कार्डको सहभागी खोजी गरी उसको बारेमा जानकारी लिन सहभागीहरूलाई अनुरोध गर्नुहोस् । (समय १० मिनेट)
- प्रत्येक सहभागीलाई आफ्नो मेटाकार्ड अनुसारको साथी सहभागीको परिचयन सबैले सुन्ने गरी दिन लगाउनुहोस् ।
- परिचय दिंदा सहभागीले बताएका अपेक्षालाई सहजकर्ताले ठुलो न्युजप्रिन्ट वा फ्लिपचार्टमा सबैले देख्ने गरी टिप्दै जानुहोस् ।
- सहजकर्ताले सहभागीले व्यक्त गरेका अपेक्षाहरूमध्ये यस प्रशिक्षणमा केके समेट्न सकिन्छ र केके सकिंदैन भन्ने स्पष्ट पार्दै प्रशिक्षणको उद्देश्य, विषयवस्तु र समय तालिका बताउनुहोस् ।
- यसै क्रममा तालिमपूर्वको परीक्षण प्रश्नावली पनि भर्न लगाउनुहोस् ।

***नोट :*** *यदि प्रोजेक्टर देखाउन मिल्ने भए यस सत्रमा पावरपोइन्टको प्रयोग गर्न सकिन्छ । अथवा, कार्यक्रमको उद्देश्य, विषयवस्तु उल्लेख भएको अध्ययन सामग्री वितरण गर्न पनि सकिन्छ ।*

## सन्दर्भ सामग्री १ : परिचय पत्र

नाम : ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

निकाय : ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

पद : ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

यस कार्यक्रमबाट सिक्न चाहेको विषय (एउटा मात्र) : ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

## सन्दर्भ सामग्री २ : उद्देश्य तथा विषयवस्तु

### उद्देश्य

- स्थानीय तहका प्रतिनिधि तथा मानव बेचबिखनका स्थानीय समितिका सदस्यहरूलाई मानव बेचबिखन, विद्यमान नीति तथा कानुनहरू एवं जोखिमबारे प्रशिक्षित गर्नु
- स्थानीय तहमा मानव बेचबिखन अन्त्यका लागि आवश्यक नीतिगत, कार्यक्रमिक तथा संरचनागत व्यवस्थाहरू निर्माण गर्नका लागि प्रेरित गर्नु

### प्रशिक्षणका विषयवस्तुहरू

- मानव बेचबिखन तथा ओसारपसारको अवधारणामा स्पष्टता
- मानव बेचबिखनका जोखिमहरू
- मानव बेचबिखन सम्बन्धी कानुनी व्यवस्थाहरू
- मानव बेचबिखन अन्त्यका लागि नेपालका नीति तथा कार्यक्रम र स्थानीय तहको भूमिका
- मानव बेचबिखन नियन्त्रण सम्बन्धी स्थानीय तहको कार्य प्रक्रिया : नीतिगत व्यवस्था, स्थानीय समितिको गठन र परिचालन, स्थानीय सहायता कोष, तथ्याङ्क तथा सूचना व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयन

## सन्दर्भ सामग्री ३ : स्थानीय समिति सदस्यहरूका लागि सिकाइ मापन प्रश्नावली (तालिमपूर्व)

एउटा मात्र उत्तरमा ठिक (√) चिह्न दिनुहोस् ।

**१. मानव बेचबिखन केका लागि हुने गर्दछ ?**

क) यौन शोषण  ख) श्रम शोषण  ग) अङ्ग झिक्ने काम  घ) माथिका सबै

**२. मानव बेचबिखनका पीडित तथा जोखिममा रहेका समूह कुनकुन हुन् ?**

क) महिला  ख) सबै  ग) बालबालिका  घ) पुरुष

**३. मानव बेचबिखन हुनका निम्ति देश बाहिर ओसारपसार हुनु जरुरी छ ?**

क) जरुरी छ  ख) जरुरी छैन  ग) अन्य

**४. मानव बेचबिखन हुनुको प्रमुख कारण कुन हो ?**

क) पीडितहरूले होस नपुऱ्याउनु  ख) नियन्त्रणकारी संयन्त्र क्रियाशील नहुनु

ग) गरिबी  घ) खुला सीमाना

**५. मानव बेचबिखन रोक्न स्थानीय तहले के काम गर्न सक्छ ?**

क) स्थानीय कानुन बनाउने  ख) स्थानीय नीति तथा कार्यक्रम बनाउने

ग) मानव बेचबिखनको उजुरी लिने र सुनवाइ गर्ने  घ) केही पनि गर्न पाउँदैन

**६. मानव बेचबिखन रोक्न के गर्नुपर्दछ ?**

क) महिलालाई विदेश जान रोक्नुपर्दछ  ख) बालबालिकालाई कडा नियन्त्रणमा राख्नुपर्दछ

ग) स्थानीय निगरानी बढाउनुपर्दछ  घ) स्थानीय सामाजिक सुरक्षाका कार्यक्रम चलाउनुपर्दछ

**७. यस प्रशिक्षण कार्यक्रममा तपाईं के सिक्न चाहनुहुन्छ ?**

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

# तेस्रो सत्र : मानव बेचबिखन तथा ओसारपसारको अवधारणामा स्पष्टता

**समय :** ७० मिनेट

**विधि :** खुला छलफल र सानो सामूहिक छलफल

**आवश्यक सामग्री :** न्युजप्रिन्ट वा फ्लिपचार्ट, मार्कर, अध्ययन सामग्री १, २ , ३, ४ र ५

## उद्देश्य

- स्थानीय समितिका सदस्य तथा पदाधिकारीहरूलाई मानव बेचबिखन, मानव ओसारपसार तथा शोषणबारे स्पष्ट जानकारी गराउनु ।
- स्थानीय समितिका सदस्य तथा पदाधिकारीहरूलाई मानव बेचबिखनको अवस्था, स्वरूप र विभिन्न उद्देश्यहरूबारे जानकारी गराउनु ।

## अपेक्षित उपलब्धि

- सहभागीहरू मानव बेचबिखन, ओसारपसार तथा शोषणका बारेमा बताउन सक्नेछन् ।
- सहभागीहरू मानव बेचबिखनका विभिन्न स्वरूप तथा उद्देश्यहरूका बारेमा बताउन सक्नेछन् ।

## क्रियाकलाप

**खुला छलफल (१५ मिनेट)**

- सहभागीहरूलाई निम्न प्रश्नहरू खुला रूपमा सोध्नुहोस् र प्रत्येक प्रश्नमा फरकफरक दुईदेखि तीन जनाको जवाफ लिनुहोस् :
    - मानव बेचबिखन भनेको के हो ?
    - मानव ओसारपसार भनेको के हो ?
    - शोषण भनेको के हो ?
- सहभागीहरूलाई पाँचदेखि सात जनाको पाँचवटा समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहलाई अध्ययन सामग्री १, २, ३, ४ र ५ प्रदान गर्नुहोस् ।
- समूहमा उक्त अध्ययन सामग्रीको अध्ययन र छलफल गरी बुँदागत रूपमा अधिकतम पाँच वटा बुँदाहरू तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् (छलफल समय : १५ मिनेट) ।
- मानव बेचबिखन, शोषण र ओसारपसारबारे थप प्रष्ट पार्नुहोस् र सत्र समापन गर्नुहोस् (१५ मिनेट) ।

## सामूहिक छलफलका लागि अध्ययन सामग्री

### अध्ययन सामग्री १ : रोजगारी र आवागमन

व्यक्तिले धन आर्जन गर्न वा जीविकोपार्जन गर्ने माध्यमका रूपमा अपनाउने सामाजिक, सांस्कृतिक तथा कानुनी रूपमा स्वीकार्य कामलाई रोजगारी भनिन्छ । मानिसहरू विभिन्न पेसा तथा व्यवसायमा संलग्न हुन सक्दछन्, जस्तै : कृषि, शिक्षण, डकर्मी, सिलाइकटाइ, व्यापार, प्रशासन, आदि । पेसा वा व्यवसायमा संलग्न हुनु उमेर पुगेका प्रत्येक व्यक्तिको कर्तव्य हो । पेसा तथा व्यवसायमा संलग्नताले व्यक्तिलाई आर्जन गर्न मात्र होइन, अनुशासित बन्न र समाज तथा राष्ट्रको अर्थतन्त्रमा पनि योगदान पुऱ्याउन सक्षम बनाउँछ ।

व्यक्ति वा सङ्गठित संस्थाले रोजगारी प्रदान गर्दछन् भने व्यक्ति मात्रै श्रमिक हुन सक्दछन् । कसैले आफ्नै व्यवसायमा पनि श्रम गरिरहेका हुन्छन्, तिनलाई स्वरोजगार भनिन्छ । असल र सक्षम श्रमिक भर्ती गर्नु तथा भर्ती गर्दा लाग्ने सम्पूर्ण खर्च रोजगारदाताले ब्यहोर्नु रोजगारीको सामान्य सिद्धान्त हो । श्रमिक छनौटको अधिकार नितान्त रोजगारदाताको एकल अधिकार हो । तर यस्तो अधिकार प्रयोग गर्दा भेदभाव, जबर्जस्ती, बल, धाकधम्की, त्रास वा अन्य गलत उपायहरूको प्रयोग गर्न पाइँदैन ।

मानिसहरू रोजगारीका लागि एक ठाउँबाट अर्को ठाउँमा जान सक्छन् । रोजगारीका लागि उनीहरू विदेश पनि जान सक्छन् । राम्रो कमाउन, सजिलो कामका लागि वा थप नयाँ कामहरू सिक्न मानिसहरू एक ठाउँबाट अर्को ठाउँ, एक देशबाट अर्को देश जान सक्दछन् । नेपालको संविधानले नेपालीहरूलाई नेपालभित्रै जुनसुकै स्थानमा गएर पेसा तथा रोजगारी गर्न पाउनेछन् भन्ने व्यवस्था गरेको छ । नेपालको रोजगारीको हक सम्बन्धी कानुनले १५ वर्ष उमेर पुगेका सबैलाई उचित रोजगारी, न्यूनतम ज्याला र सुरक्षित कार्यथलोको अधिकार रहने व्यवस्था गरेको छ ।

### अध्ययन सामग्री २ : मानव तस्करी

गैरकानुनी बाटो वा तरिकाबाट अन्य देशमा प्रवेश गर्नुलाई मानव तस्करी भनिन्छ । सामान्यतया मानव तस्करीमा जाने मानिस र लैजाने मानिसको सहमति हुन्छ, अनि जाने मानिस सम्बन्धित देशमा पुगेपछि स्वतन्त्र रहन सक्दछ । जाने मानिस बिचबाटै आफ्नो यात्रा त्याग्न पनि स्वतन्त्र रहन्छ ।

मानव तस्करहरूले मानिसहरूलाई ओसारपसार गर्ने कार्य गर्दछन् । यसरी जानका लागि मानव तस्कर हरूलाई सम्बन्धित व्यक्तिहरूले पैसा तिरेका हुन्छन् ।

मानव तस्करी गैरकानुनी कार्य हो ।

नेपालको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन (२०६४)ले मानव ओसारपसारलाई निम्नानुसार परिभाषित गरेको छ :

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, (ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यलै कुनै प्रकारले ललाइफकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाजी गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डरत्रास धाकधम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रकौ एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजानै वा अरू कसैलाई हस्तान्तरण गर्ने (दफा ४ : ३) ।

## अध्ययन सामग्री ३ : शोषण

**शोषणको प्रचलित परिभाषाले** मानिसको शारीरिक, मानसिक, आर्थिक, कानुनी वा परिस्थितिजन्य कमजोर अवस्था तथा आपत्कालीन आवश्यकता वा चाहना तथा रहरको फाइदा उठाउने, लोभलालच, डरत्रास वा धाकधम्कीको प्रयोग गरी फाइदा लिने, लागू पदार्थ तथा औषधीको प्रयोग गरी बेहोसी अवस्थाको फाइदा लिने तथा आफ्नो पद प्रतिष्ठा, कानुनी हैसियत, सार्वजनिक शक्ति तथा सम्बन्धित व्यक्तिसँगको सम्बन्धको फाइदा उठाई यौन, श्रम, जबर्जस्ती विवाह, अङ्ग प्रत्यारोपण तथा अन्य कुनै पनि अमर्यादित, अवैधानिक काममा संलग्न गराई लाभ लिनु शोषण हो भन्ने परिभाषित गर्दछ ।

शोषण हुनका लागि शोषण गर्ने व्यक्ति वा संस्था र शोषित भएको व्यक्ति वा समूह स्पष्ट हुनुपर्दछ । शोषण हो भन्नका लागि अर्को व्यक्तिले कुनै न कुनै रूपमा आर्थिक वा अन्य सुविधाको फाइदा लिएको हुनुपर्दछ । अधिकांशतः शोषणमा अङ्गको बेचबिखनमा कमिसन लिने, कामदार भर्ना गर्दा श्रमिकसँगै कमिसन लिने वा उसको निश्चित महिनाको तलब कट्टा गर्ने, तोकिएको न्यूनतम ज्याला वा तलब नदिने, यौन व्यवसायमा लगाएर बढी नाफा कमाउने, भनेभन्दा बढी र थप समय वा जोखिमपूर्ण कामहरू लगाउने कार्य पर्दछन् ।

शोषणभित्र निम्न कुराहरू पर्दछन् :

- बँधुवा श्रम वा सेवाहरू, दासत्व वा मिल्दाजुल्दा अभ्यासहरू, सेवा भार
- वेश्यावृत्ति, अश्लील तस्बिर वा चलचित्र तथा यौन पर्यटन लगायत बालबालिकाको यौन शोषण
- वयस्कहरूको यौनजन्य शोषण तथा यौन व्यवसाय सञ्चालन
- कानुन विपरीत शरीरका अङ्ग झिक्नु वा अन्य व्यक्तिलाई प्रदान गर्नु
- सशस्त्र द्वन्द्वसँग सम्बन्धित क्रियाकलापमा व्यक्तिहरूलाई बलपूर्वक भर्ना गर्नु वा सहभागी गराउनु
- बलपूर्वक अपराध गर्न वा भिक्षा माग्न लगाउनु
- जबर्जस्ती विवाह
- नियन्त्रणमा राखी जबर्जस्ती असुली
- इच्छा विपरीत तथा जबर्जस्ती वा व्यावसायिक हिसाबले गर्भ धारण गराउनु
- जीवचिकित्सकीय अनुसन्धानका लागि कानुन विपरीत वस्तुका रूपमा शोषण गर्नु ।

## अध्ययन सामग्री ४ : मानव बेचबिखन

मानव बेचविखन एक जघन्य फौजदारी अपराध हो । यो केवल अपराध मात्र नभई सामाजिक विकास र असमानताको प्रमुख कारण र परिणाम पनि हो । यसले समाजमा भय र त्रासको वातावरण सृजना गर्दछ ।

मानव बेचबिखनलाई सामान्य अर्थमा मानिसहरूले यौन शोषणका लागि भारतमा लगेर गरिने बेचबिखनलाई मात्र बुझ्ने गर्दछन् । तर, मानव बेचबिखन यो मात्र होइन ।

नेपालको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन (२०६४)ले मानव बेचबिखन तथा ओसारपसारलाई निम्नानुसार परिभाषित गरेको छ :

### मानव बेचबिखन

(क) कुनै उद्देश्यले मानिस बेच्ने वा किन्ने, (ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, (ग) प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने वा घ) वेश्यागमन गर्ने ( दफा ४ : १) ।

अन्तर्राष्ट्रिय रूपमा पालेर्मो प्रोटोकल भनी चिनिने मानव बेचबिखन, विशेष गरी महिला र बालबालिकाको बेचबिखन नियन्त्रण, निवारण तथा सजाय गर्ने संयुक्त राष्ट्रसङ्घीय प्रलेख (२०००)ले मानव बेचबिखनलाई निम्नानुसार परिभाषित गरेको छ :

मानव बेचबिखन भन्नाले शोषणको उद्देश्यका लागि बलको प्रयोग वा सोको धम्की वा करकाप, अपहरण, धोकाधडी, छल, शक्तिको दुरूपयोग वा नाजुक अवस्थाको दुरुपयोग आदिको माध्यमबाट वा अन्यबाट नियन्त्रित व्यक्तिका हकमा निजको मन्जुरी पाउन रकम वा सुविधाको आदानप्रदान मार्फत् व्यक्तिहरूको भर्ना, ओसारपसार, स्थानान्तरण, धारण वा बुझबुझारथलाई सम्झिनुपर्दछ । शोषणभित्र कम्तीमा अरूको वेश्यावृत्तिको शोषण वा यौनजन्य स्वरूपका अन्य शोषण, बँधुवा श्रम वा सेवाहरू, दासत्व वा मिल्दाजुल्दा अभ्यासहरू, सेवाभार वा मानव अङ्ग बेचबिखनका कार्यहरू पर्दछन् (धारा, ३ क) ।

संयुक्त राष्ट्रसङ्घको बालबालिकाको अश्लील चित्रण तथा यौन शोषण र देह व्यापार रोक्ने ऐच्छिक प्रलेख (२००२)ले बाल बेचबिखनलाई निम्नानुसार परिभाषित गरेको छ :

कुनै मूल्य वा शुल्क प्राप्त गर्ने वा अन्य फाइदा लिने उद्देश्यले कुनै व्यक्ति वा समूहले बालबालिकालाई एक स्थानबाट अर्को स्थानमा लैजाने र कसैलाई हस्तान्तरण गर्ने कुनै पनि क्रियाकलाप बाल बेचबिखन हो (धारा २ क) ।

समग्रमा भन्नुपर्दा मानव बेचबिखन हुनका लागि तीन वटा तत्व हुनु जरुरी हुन्छ : कार्य, माध्यम र उद्देश्य । कुनै पनि घटना मानव बेचबिखनको घटनाको रूपमा स्वीकार्य हुनका लागि निम्न तीन तत्वहरू हुन जरुरी हुन्छ :

| के ? | कसरी ? | केका लागि ? |
| --- | --- | --- |
| भर्ना, ओसारपसार, स्थानान्तरण, प्राप्ति वा सञ्चिति | धम्की, बल प्रयोग, करकाप, अपहरण, भ्रम, लोभलालच, ललाइफकाइ वा गलत सूचना सम्प्रेषण, ढाँट छल, शक्तिको दुरुपयोग, कमजोरी वा नाजुकताको दुरुपयोग, आर्थिक वा अन्य कारोबार तथा फाइदा वा अवसरको उपयोग | यौन शोषण, कसैलाई यौन कार्यमा प्रयोग गर्ने, बाँधा तथा जबर्जस्ती श्रम, दासत्व वा त्यस्तै प्रकृतिका कार्यहरू, अङ्ग झिक्ने, बाल सैन्य आदि |

## अध्ययन सामग्री ५ : मानव बेचबिखनका सन्दर्भमा बुझ्नैपर्ने कुरा

- बालबालिकाको सवालमा बेचबिखनको अपराध प्रमाणित हुनका लागि कार्यहरू र उद्देश्य मात्र प्रमाणित भए पुग्दछ ।
- पीडित पक्षले मन्जुरी वा सहमति दिएर नै कसैले उसलाई स्थानान्तरण वा एक ठाउँबाट अर्को ठाउँमा लगेको तथा बेचबिखन प्रमाणित हुने घटनामा सहभागी गराएकामा पीडित पक्षको सहमतिलाई स्वीकार्य मानिदैन ।
- मानव बेचबिखन हुनका लागि सीमापार ओसारपसार हुनैपर्दछ भन्ने छैन । एकै देशभित्रै पनि मानव बेचबिखन भइरहेको हुन सक्छ ।
- मानव बेचबिखन केवल महिला र बालबालिकाको मात्र हुँदैन, यस अपराधबाट पुरुषहरू पनि त्यत्तिकै मात्रामा पीडित हुन सक्छन् ।
- मानव बेचबिखनमा गरिब र अशिक्षित व्यक्तिहरू पर्न सक्ने बढी जोखिम भए पनि शिक्षित र आर्थिक अवस्था राम्रो भएका मानिसहरू पनि परेका छन् ।
- मानव बेचबिखन केवल यौन शोषणका लागि मात्र हुँदैन । कम सुविधा दिएर, धेरै काम लगाउन, बाध्यकारी कामहरू गराउन, अङ्ग प्रत्यारोपणका लागि, विवाहका लागि र अन्य प्रयोजनका लागि पनि हुने गरेको छ ।
- नेपाल मानव बेचबिखनको दृष्टिले उच्च जोखिममा रहेको देश हो । नेपालभित्रै र नेपालबाट अन्य देश लगेर पनि मानव बेचबिखनहरू भइरहेका छन् ।
- यदि स्थानीय सरकारहरूले जोखिम पहिचान, पीडित सहायता तथा स्थानीय सचेतना र अनुगमनका कार्यहरू प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने हो भने मानव बेचबिखन तथा ओसारपसार रोक्न तथा अन्त्य गर्न सकिन्छ ।
- हाल नेपालमा मानव बेचबिखनका घटनाहरू निम्न क्षेत्रहरूमा देखिएका छन् : नेपाल भारत सीमापार रोजगारीका कार्यहरूमा, नेपालबाट भारत बाहेक अन्य देशमा हुने वैदेशिक रोजगारीका क्षेत्रमा, विवाहका लागि विदेश लैजाने कार्यहरूमा, अङ्ग प्रत्यारोपणका लागि विदेश लैजाने कार्यहरूमा, शैक्षिक भिसा तथा पर्यटन भिसामा विदेश लैजाने कार्यहरूमा, देशभित्रै वयस्क मनोरञ्जन क्षेत्र तथा घरेलु श्रममा बालबालिकालाई संलग्न गराउने कार्यहरूमा ।

# चौथो सत्र : मानव बेचबिखनका जोखिमहरू

**समय** : ६० मिनेट
**विधि** : खुला छलफल तथा सामूहिक कार्य
**आवश्यक सामग्री** : मेटाकार्ड, साइनपेन, मास्किङ टेप, सन्दर्भ सामग्री ४

## उद्देश्य

- सहभागीहरूलाई मानव बेचबिखनका जोखिम भएका क्षेत्र तथा व्यवसाय अनि जोखिम बढाउने कारणहरूबारे जानकारी दिनु ।

## अपेक्षित उपलब्धि

- सहभागीहरू मानव बेचबिखनको जोखिम बढाउने व्यक्तिगत तथा पारिवारिक कारण, सामुदायिक मान्यता तथा प्रचलन, सुक्षा व्यवस्था तथा संयन्त्रहरू बताउन सक्नेछन् ।
- सहभागीहरू आफ्ना क्षेत्रमा मानव बेचबिखनको जोखिममा रहेका समूह तथा पेसागत क्षेत्रहरू पहिचान गर्न सक्षम हुनेछन् ।

## क्रियाकलाप

- सहभागीहरूलाई आफ्ना क्षेत्रमा कस्ता मानिसहरू बेचबिखनको जोखिममा रहेका छन् भनी खुला प्रश्न गर्नुहोस् । आएका जवाफहरू टिप्दै जानुहोस् ।
- सहभागीहरूलाई कस्ता व्यवसायहरूमा मानव बेचबिखन पीडितहरूलाई प्रयोग गरिएको हुन सक्छ भनी प्रश्न गर्नुहोस् र आएका जवाफहरू टिप्दै जानुहोस् ।
- सहभागीका विचारलाई संश्लेषण गर्दै सामूहिक कार्य गर्ने बताउनुहोस् ।
- सहभागीहरूलाई चार वटा समूहमा विभाजन गरी प्रत्येक समूहलाई एउटा प्रश्नको उत्तर बुँदागत रूपमा लेख्न र प्रस्तुत गर्न लगाउनुहोस् (१५ मिनेट) ।

  **समूह १** : कस्ता पारिवारिक वा व्यक्तिगत अवस्था भएका व्यक्तिहरू बेचबिखनमा पर्न सक्छन् ? हाम्रो स्थानीय तहमा यस्ता व्यक्तिहरू कति (प्रतिशत) होलान् ? कहाँ होलान् ?

  **समूह २** : सुरक्षा व्यवस्था तथा अभ्यासहरूमा केकस्ता कमीकमजोरीहरू हुँदा मानव बेचबिखन हुन सक्छ होला ? हाम्रो स्थानीय तहमा सुरक्षा व्यवस्थामा ती मध्ये कुनकुन अभ्यासहरू विद्यमान छन् ?

  **समूह ३** : समुदायमा रहेका केकस्ता मूल्यमान्यता र चलनहरूले मानव बेचबिखनको जोखिम बढाउँछ होला ? हाम्रा स्थानीय तहका समुदायहरूमा उल्लेखितमध्ये केकस्ता चलन, मूल्यमान्यताहरू विद्यमान छन् ?

  **समूह ४** : स्थानीय बजार, श्रम क्षेत्र तथा उद्योगधन्दामा केकस्ता अभ्यासहरू भए भने मानव बेचबिखनको उपयोग हुन सक्छ ? हाम्रो स्थानीय बजार व्यवस्थामा यस्ता अभ्यासहरू कति छन् ?
- सहभागीहरूले १५ मिनेट सामूहिक छलफल गरी निष्कर्षहरू निकाल्नेछन् र प्रत्येक समूहले तीनदेखि पाँच मिनेटमा प्रस्तुत गर्नुपर्नेछ ।
- सहभागीहरूलाई सन्दर्भ सामग्री ४ वितरण गर्नुहोस् र आफ्नो प्रस्तुतिसँग के कति मिल्यो मिलेन अध्ययन गर्न अनुरोध गर्नुहोस् ।
- सहजकर्ताले सहभागीहरूलाई मानव बेचबिखनका जोखिमबारे थप स्पष्ट पार्दै हाम्रो स्थानीय तहमा मानव बेचबिखनका जोखिम समूह, व्यावसायिक क्षेत्र , मूल्यमान्यताहरू रहेका र तिनलाई सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको औंल्याउँदै सत्र समापन गर्नुहोस् (पाँच मिनेट) ।

## सन्दर्भ सामग्री ४ :मानव बेचबिखन तथा ओसारपसारको जोखिम हुने पक्षहरू

मानव बेचबिखनका घटना हुनुमा मूलतः व्यक्ति र परिवारमा रहेका जोखिमहरू, राज्यका निकायहरूको नीतिगत र व्यावहारिक कार्यशैलीमा रहेका समस्याहरू तथा श्रम बजारमा देखिएका समस्याहरू कारणका रूपमा रहेका छन् । मानव बेचबिखन प्रभावित मुलुक तथा नेपालका विभिन्न जिल्लाहरूमा गरिएका अध्ययनहरूले निम्न जोखिमहरू पहिचान गरेका छन् :

| मानव बेचबिखन तथा ओसारपसारका लागि जोखिमहरू |
|---|
| **व्यक्ति वा परिवारमा रहेका जोखिमहरू**<br>चरम आर्थिक गरिबी<br>परिवारका कुनै सदस्य वैदेशिक रोजगारीमा रहनु<br>परिवारमा आम्दानीको स्रोत एकै व्यक्ति, अझ महिला मात्र हुनु<br>विद्यालय छाडेका किशोरकिशोरीहरू हुनु वा एसइई परीक्षामा अत्यन्त कमजोर नतिजाका कारण थप अध्ययन वा स्वदेशी रोजगारीमा पहुँच नहुनु<br>मानव बेचबिखनका बारेमा सूचनाहरूको अभाव हुनु<br>घरेलु हिंसाबाट आक्रान्त परिवारका सदस्य हुनु<br>बाल विवाहको समस्या रहेको परिवार हुनु<br>किशोरकिशोरीहरूमाझ जीवनोपयोगी सिप, सुरक्षा निकाय तथा आत्मरक्षाको जानकारी नहुनु<br>बालबालिकाहरू पारिवारिक विखण्डनमा रहनु<br>बालबालिकाहरू श्रममा संलग्न हुनु |
| **राज्यका निकायहरूको नीतिगत तथा कार्यक्रमगत समस्याहरू**<br>स्थानीय तहमा मानव बेचबिखन विरुद्धका समिति गठन नहुनु<br>स्थानीय रोजगारी सेवा तथा सूचना केन्द्रले बेचबिखनका जोखिमहरूको जानकारी नदिनु<br>नियमित रूपमा बजार अनुगमन नहुनु र बजार अनुगमनमा श्रमिकका अवस्थाहरूको जानकारी नलिनु<br>मानव बेचबिखन विरुद्धको निर्दिष्ट कार्यक्रम तथा बजेट विनियोजन नहुनु<br>जन्मदर्ता लगायत व्यक्तिगत घटना दर्ता तथा नाता प्रमाणीकरणका सूचनाहरू फेरबदल गर्न सकिने अवस्था हुनु<br>स्थानीय रोजगारी प्रवर्द्धनका कार्यक्रमहरू नहुनु<br>यातायात तथा यात्रुहरूको अभिलेखीकरण तथा अनुगमन नहुनु<br>एक्लै यात्रामा रहेका बालबालिकाको सहायता सम्बन्धी कार्यहरू नहुनु |
| **श्रम बजार सहजीकरण तथा नियमनमा रहेका समस्याहरू**<br>अनौपचारिक श्रमिकहरूको न्यूनतम ज्याला निर्धारण र कार्यान्वयन नहुनु<br>अनौपचारिक श्रमिकहरूको अभिलेखीकरण र पहिचान प्रदान गरिने व्यवस्था नहुनु<br>स्थानीय तहमा सञ्चालित उद्योग तथा व्यवसायमा कार्यरत श्रमिकहरूको विवरण अद्यावधिक राख्ने र नियमित अनुगमन गर्ने व्यवस्था नहुनु<br>वैदेशिक रोजगारी तथा रोजगारी सम्बन्धी सूचना तथा सेवा केन्द्रहरू प्रभावकारी नहुनु<br>बजार अनुगमनमा श्रम अवस्था अनुगमन नहुनु |

## मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका प्रमुख व्यवसायहरू

विभिन्न अध्ययन प्रतिवेदन तथा अनुसन्धानहरू, राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन लगायतले देखाएका तथ्य र परिणामहरूका आधारमा निम्न व्यावसायिक क्षेत्रहरू मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले उच्च जोखिममा रहेका छन् :

| व्यावसायिक क्षेत्र | जोखिमका आधारहरू |
|---|---|
| वयस्क मनोरञ्जन व्यवसाय (डान्स बार, दोहोरी, रोधी, मसाज क्लब आदि) | श्रमिकहरूको भर्ती प्रक्रिया नियमसङ्गत र पारदर्शी नहुनु<br>श्रमिकहरूलाई सम्झौता विपरीत काममा लगाउनु वा सम्झौता नगर्नु<br>व्यावसायिक सेवामा यौन आशय र व्यवहार प्रदर्शन गर्ने परिवेश निर्माण गर्नु<br>१८ वर्षभन्दा कम उमेरका बालबालिकाको प्रयोग गर्नु<br>न्यूनतम श्रम मापदण्डको पालना नगर्नु<br>कानुनी रूपमा दर्ता नगरी तथा अनुमतिबिना सेवा सञ्चालन गर्नु<br>श्रमिकको विवरण तथा हाजिरी पारदर्शी र व्यवस्थित ढङ्गले नराख्नु |
| वैदेशिक रोजगारी सेवा | भर्ती प्रक्रिया पारदर्शी नहुनु, एजेन्टहरूको सिफारिसमा भर्ना हुनु<br>भिसा प्रयोजन बाहेक कानुन विपरीत राहदानी (पासपोर्ट) नियन्त्रणमा लिनु<br>कामदारलाई काम तथा सेवासुविधाका बारेमा गलत जानकारी दिनु<br>कामदारसँग कानुन विपरीत भर्ती सेवा शुल्क लिनु<br>दोहोरो सम्झौता गर्नु वा गराउनु<br>कामदारलाई वैदेशिक रोजगारी प्रक्रियाका लागि ऋण सापटी प्रदान गर्नु र नियन्त्रणमा राख्नु<br>नेपाल बाहेक अन्य राष्ट्रको विमानस्थल र यातायात मार्ग प्रयोग गर्नु वा गराउनु |
| सीमापार हुने रोजगारी | कामदारसँग भर्तीका क्रममा डिपोजिट लिनु र नियन्त्रणमा राख्नु<br>कामदारको परिचय पत्र नियन्त्रणमा लिनु<br>श्रम सम्बन्धी व्यवस्था, तोकिएको श्रम मापदण्ड लागू नगर्नु<br>कामदारलाई सेवासुविधा र तलबका बारेमा पहिल्यै स्पष्ट जानकारी नदिनु र सम्झौता नगर्नु<br>यौन व्यवसायमा संलग्न गराउनु, जबर्जस्ती अङ्ग दान गर्न लगाउनु, माग्ने काममा लगाउनु<br>व्यक्तिको किनबेच गर्नु वा सो कार्यमा सहयोग गर्नु<br>ललाइफकाई सीमापार लगी जबर्जस्ती तथा बाल विवाह गर्न लगाउनु वा सो कार्यमा सघाउनु |
| बाल श्रम प्रयोग भएका उद्योग तथा व्यवसाय | श्रमिकहरूलाई स्पष्ट र तोकिएको मापदण्ड अनुरूप सम्झौता नगर्नु<br>नाइके तथा ठेकेदारहरूको नियन्त्रणमा श्रमिकलाई राख्नु, रोजगारी सम्झौता नाइके तथा ठेकेदारसँग मात्र गर्नु<br>श्रमिकहरूलाई आधारभूत सुविधा प्रदान नगर्नु<br>स्वेच्छाले काम छाड्ने स्वतन्त्रतामाथि बन्देज लगाउनु<br>श्रमिक तथा तिनका अभिभावकहरूलाई ऋण तथा सापटी प्रदान गरी नियन्त्रणमा राख्नु<br>श्रमिकहरूमाथि यौन हिंसा, दुर्व्यवहार तथा शोषण गर्नु |

# पाँचौं सत्र : मानव बेचबिखन सम्बन्धी कानुनी व्यवस्थाहरू

**समय** : ६० मिनेट

**विधि** : चिठ्ठा खेल र व्याख्या

**आवश्यक सामग्री : सन्दर्भ सामग्री ५ मा भएका** चिट्ठाका टुक्राहरू

## उद्देश्य

- सहभागीहरूलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सन्दर्भमा नेपालको कानुनी व्यवस्थाहरूका बारेमा जानकारी दिनु

## अपेक्षित उपलब्धि

- सहभागीहरू मानव बेचबिखन सम्बन्धी उपलब्ध कानुनहरू तथा पीडितका अधिकारका बारेमा भन्न सक्ने हुनेछन् ।

## क्रियाकलाप

- सहभागीहरू सबैलाई अबको सत्रमा कानुनी विषयहरूबारे छलफल गर्ने जानकारी दिनुहोस् ।
- एउटा बाकसमा मानव बेचबिखनका समस्याहरू र कानुनी व्यवस्थाहरू लेखिएको चिटहरू तयार पारी पट्याएर हाल्नुहोस् र प्रत्येक सहभागीलाई एउटाएउटा चिट झिक्न लगाउनुहोस् ।
- अब सम्बन्धित समस्या र त्यस सम्बन्धी समाधान लेखिएको चिट भेट्टाउने सहभागीहरूलाई एकअर्काको खोजी गरी सँगै बस्न लगाउनुहोस् ।
- सबै सहभागीाई पालैपालो आआफ्ना समस्या र कानुनी व्यवस्थाहरू भन्न लगाउनुहोस् ।
- सहभागीहरूलाई कानुनी व्यवस्था स्पष्ट भएनभएको सोध्नुहोस् र स्पष्ट नभए स्पष्ट बनाउँदै जानुहोस् ।
- अन्त्यमामा नेपालको कानुनी व्यवस्थाले मानव बेचबिखन पीडित तथा प्रभावितहरूको सुरक्षा र न्यायका लागि विभिन्न व्यवस्थाहरू गरेको बताउनुहोस् । कानुनी अभावका क्षेत्रहरूका बारेमा जानकारी दिनुहोस् र सत्र समापन गर्नुहोस् ।

## सन्दर्भ सामग्री ५ : चिठ्ठा खेलका लागि कानुनी व्यवस्था सम्बन्धी चिटहरू

| | |
|---|---|
| **समस्या १** | मानव बेचबिखनका घटनाको उजुरी कहिले, कहाँ र कसले दिन सक्छ ? |
| **कानुनी व्यवस्था १** | स्वयं पीडित वा मानव बेचबिखन तथा ओसारपसार गरेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुरी गर्न सक्नेछ । उजुरी गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुरी दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नुपर्नेछ । जहिले पनि उजुरी गर्न सकिन्छ, कुनै हदम्याद छैन । |
| **समस्या २** | मानव बेचबिखनका घटनाको उजुरी गर्दा प्रमाणहरू पनि पेस गर्नुपर्छ होला ? तर प्रमाण आफूसँग हुँदैन ? |
| **कानुनी व्यवस्था २** | मानव बेचबिखन तथा ओसारपसार विरुद्धको मुद्दामा अभियोग लागेको व्यक्तिले नै आफू निर्दोष भएको प्रमाण पुऱ्याउनुपर्दछ । पीडितले प्रमाण जुटाउनु वा प्रमाणित गरिरहनुपर्दैन । |
| **समस्या ३** | मानव बेचबिखन तथा ओसारपसारका मुद्दामा पीडितको पक्षमा लड्ने वकिलको विश्वास लागेन भने के गर्ने ? |
| **कानुनी व्यवस्था ३** | मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको अदालतमा सुनुवाइ हुने क्रममा पीडितले छुट्टै कानुन व्यवसायी मार्फत् प्रतिनिधित्व गराउन चाहेमा निजले कानुन व्यवसायी राख्न सक्नेछ । |
| **समस्या ४** | मानव बेचबिखन तथा ओसारपसारको अपराधमा पीडकलाई कति सजाय हुन्छ ? |
| **कानुनी व्यवस्था ४** | कसैले मानव बेचबिखन तथा ओसारपसारको कसुर गरेको खण्डमा निम्न बमोजिम सजाय हुने व्यवस्था छ : |
| | (क) मानिस किन्ने र बेच्नेलाई बिस वर्ष कैद र दुई लाख रुपैयाँ जरिवाना |
| | (ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना |
| | (ग) प्रचलित कानुन बमोजिम बाहेक मानिसको कुनै अङ्ग झिकेमा दश वर्ष कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना |
| | (घ) वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना । |

| | |
|---|---|
| **कानुनी व्यवस्था ४** | (ङ) किन्ने बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई<br>(१) विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बिस वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना हुन्छ ।<br>(२) नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रुपैयाँ जरिवाना हुन्छ । |
| **समस्या ५** | मानव बेचबिखन तथा ओसारपसार गर्ने पीडितले उजुरी गर्दैमा के पाउँछ ? |
| **कानुनी व्यवस्था ५** | मानव बेचबिखन तथा ओसारपसार गर्ने पीडितलाई क्षतिका आधारमा मूल्याङ्कन गरी क्षतिपूर्ति भराउने व्यवस्था हुन्छ । यदि पीडकबाट क्षतिपूर्ति उपलब्ध भएन भने राज्यले क्षतिपूर्ति उपलब्ध गराउन सक्छ । मुद्दाको सुरुमा नै पीडित सङ्कटमा रहेको र अपराधको गाम्भीर्य हेरी अन्तरिम क्षतिपूर्ति पनि दिन सकिन्छ । |
| **समस्या ६** | विदेशमा बेचिएको अवस्थामा कसरी उद्धार गर्ने ? |
| **कानुनी व्यवस्था ६** | कुनै नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नेछ । यसका लागि मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समितिसँग सम्पर्क गर्नुपर्दछ । |
| **समस्या ७** | यदि वैदेशिक रोजगारीका क्रममा बेचिएको वा ओसारपसारमा परेको पाइएमा कसरी उद्धार गर्ने ? |
| **कानुनी व्यवस्था ७** | वैदेशिक रोजगारीका नाममा बेचबिखनमा परेका व्यक्तिहरूको उद्धार तथा स्वदेश फिर्तीको जिम्मेवारी श्रम तथा रोजगार मन्त्रालयको हुन्छ । यसका लागि वैदेशिक रोजगार बोर्ड, नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान ब्युरोसँग सम्पर्क गर्नुपर्दछ । |
| **समस्या ८** | देशभित्रै बेचबिखनमा परेका व्यक्तिहरूको उद्धार कसले गर्ने ? |
| **नीतिगत व्यवस्था ८** | देशभित्रै वा जिल्लाभित्रै मानव बेचबिखनमा परेका व्यक्तिहरूको उद्धार तथा संरक्षणको जिम्मेवारी सम्बन्धित जिल्ला समितिको हुन्छ (मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड २०६८) । |
| **समस्या ९** | उद्धार गरिएका पीडित वा प्रभावितहरूलाई अस्थायी आवास तथा सुरक्षा कसरी प्रदान गर्ने ? |

| | |
|---|---|
| **कानुनी व्यवस्था ९** | मानव बेचबिखन तथा ओसारपसार पीडित प्रभावितहरूको उद्धार गरी अस्थायी आवास तथा सुरक्षा एवं पुनर्स्थापना सेवा प्रदान गर्न स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारले आवास गृहहरू सञ्चालन गर्न सक्छन् । यसै गरी उनीहरूले गैससहरूबाट सञ्चालित गृहहरूमा खर्च उपलब्ध गराउने गरी सेवाका लागि सिफारिस गर्न सक्छन् । |
| **समस्या १०** | पीडितहरूका लागि राहत सहायता कसरी उपलब्ध गराउने ? |
| **कानुनी व्यवस्था १०** | पीडित तथा प्रभावित एवं जोखिममा रहेकाहरूका लागि राहत सहायता उपलब्ध गराउन स्थानीय सरकार र प्रदेश सरकारले कार्यविधि सहित सहायता कोष स्थापना गरी सञ्चालन गर्न सक्छन् । |
| **समस्या ११** | मानव बेचबिखन पीडितले प्राप्त गर्ने अन्तरिम सुविधाहरू उपलब्ध गराउने प्रक्रिया के हुन्छ ? |
| **कानुनी व्यवस्था ११** | मानव बेचबिखन पीडित तथा प्रभावितलाई अन्तरिम सुविधा उपलब्ध गराउन महिला बालबालिका शाखाबाट प्रमाणित गराइनुपर्दछ । |
| **समस्या १२** | मानव बेचबिखन तथा ओसारपसारका अपराधमा पीडितले अदालतमा बयान लगायतका कार्यमा जाँदा हुने खर्च कसले दिन्छ ? |
| **कानुनी व्यवस्था १२** | मानव बेचबिखन तथा ओसारपसारका अपराधमा पीडित र पीडित पक्षका साक्षीहरूले अदालतमा बयान लगायतका कार्यमा आउँदाजाँदा हुने यातायात खर्च तथा दैनिक भ्रमण भत्ता नेपाल सरकारले दिनुपर्दछ । |
| **समस्या १३** | वैदेशिक रोजगारीमा मानव बेचबिखनको मुद्दा चलाएपछि पीडकले ठगेको पैसा फिर्ता हुन्छ कि हुँदैन ? |
| **कानुनी व्यवस्था १३** | वैदेशिक रोजगारीमा मानव बेचबिखनको मुद्दा चलाइए पनि पीडकले ठगी गरेका अवस्थामा ठगी अन्तर्गत वैदेशिक रोजगार विभागबाट पनि कानुनी कारबाही चलाउन सकिन्छ । यसलाई बहुअभियोजन भनिन्छ । यसरी बहुअभियोजनको तरिकाबाट, ठगी गरेको रकम पनि फिर्ता पाउन सकिन्छ । |
| **समस्या १४** | आफ्नो जिल्ला तथा नगरमा भएका उद्योग व्यवसायमा, विशेष गरी वयस्क मनोरञ्जन व्यवसायमा बेचबिखन पीडितहरू भएनभएको कसरी थाहा पाउने ? |
| **कानुनी व्यवस्था १४** | स्थानीय तहको सरकारले बजार अनुगमन गर्न सक्छ । यस क्रममा श्रम कार्यालय तथा स्थानीय प्रहरी निकायका प्रतिनिधि र सङ्घसंस्थाका प्रतिनिधि समेत संलग्न गराई एकीकृत अनुगमन समिति गठन गर्न सकिन्छ र श्रमिकहरूको भर्ती र न्यूनतम अधिकार सम्बन्धी कानुनी व्यवस्था तथा सम्बन्धित व्यवसायले उपलब्ध गराएका सेवा उत्पादनहरूको निरीक्षण अनुगमन गरी उक्त स्थानहरूमा शोषण, बाध्यकारी श्रम तथा बेचबिखन भएनभएको पहिचान गर्न सकिन्छ र पीडितहरूको उद्धार, संरक्षण तथा पुनर्स्थापना गर्न सकिन्छ । |

# छैटौँ सत्र : मानव बेचबिखन अन्त्यका लागि नेपालका नीति तथा कार्यक्रम र स्थानीय तहको भूमिका

**समय :** ६० मिनेट

**विधि :** सामूहिक छलफल र प्रस्तुति

**आवश्यक समाग्री :** अध्ययन सामग्री ६, न्युजप्रिन्ट, मार्कर

## उद्देश्य

- मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि नेपाल सरकारले अवलम्बन गरेका नीति तथा कार्यक्रमहरू र स्थानीय तहको जिम्मेवारीबारे सहभागीहरूलाई जानकारी दिनु ।

## अपेक्षित उपलब्धि

- सहभागीहरू नेपाल सरकारको नीति तथा कार्यक्रमबारे भन्न सक्नेछन् ।
- सहभागीहरूले मानव बेचबिखन तथा ओसारपसार अन्त्य गर्नका लागि स्थानीय तहले गर्नुपर्ने र गर्न सक्ने कार्यहरूबारे बताउन सक्नेछन् ।

## क्रियाकलाप

- सहभागीहरूलाई मानव बेचबिखन अन्त्यका लागि नेपाल सरकारले अवलम्बन गरेका विभिन्न नीति तथा कार्यक्रमहरू र स्थानीय तहका जिम्मेवारीहरूका बारेमा छलफल गरिने जानकारी दिनुहोस् ।
- सहभागीहरूलाई चार वटा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई नेपाल सरकारका नीति तथा कार्यक्रमहरू, स्थानयि तहका अधिकार र भूमिका सम्बन्धी अध्ययन सामग्री प्रदान गर्नुहोस् ।
- प्रत्येक समूहलाई आफ्ना विषयमा स्थानीय तहले गर्नुपर्ने र गर्न सक्ने कार्यहरूको सूची बनाउन लगाउनुहोस् । (समय २० मिनेट)

  **समूह १ :** रोकथाम तथा जोखिम न्यूनीकरण

  **समूह २ :** उद्धार, संरक्षण, न्यायमा पहुँच तथा पीडित सहायता

  **समूह ३ :** संरचनागत संयन्त्रहरूको स्थापना र व्यवस्थापन

  **समूह ४ :** तथ्याङ्क तथा सूचनाहरूको अभिलेखीकरण र व्यवस्थापन

- सबै समूहलाई छलफलका निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक समूहको लागि ५ देखि ७ मिनेटको समय दिनुहोस् ।
- अन्त्यमा छुटेका विषयहरू थप गर्दै सत्र समापन गर्नुहोस् ।

## अध्ययन सामग्री ६ : मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि नेपालको नीति तथा कार्यक्रम

मानव बेचबिखनको सवाललाई सम्बोधन गर्न बहुपक्षीय सरोकारवालाहरूको भूमिकाको खाँचो पर्दछ । बहुपक्षीय सरोकारवालाहरूभित्र राज्यको नयाँ संरचना अनुसार सङ्घ, प्रदेश, स्थानीय तह, नागरिक समाज र समुदायमा आधारित संस्थाहरू लगायत आम समुदाय समेत पर्दछन् । अझ विशेष गरी राज्यका तीनै तहका सरकारहरू नै बढी संवेदनशील हुनुपर्दछ । राज्यले बनाएका ऐन कानुन, नीति, नियमहरूको कार्यान्वयन प्रभावकारी हुनुपर्दछ । यसका लागि नयाँ कानुन तथा नीति नियमहरू आवश्यक भए निर्माण गर्नुपर्दछ ।

नेपाल सरकारले मानव बेचबिखन, विशेष गरी महिला तथा बालबालिकाको बेचबिखन अन्त्य गर्न संवत् २०६८देखि २०७८सम्मको दश वर्षीय राष्ट्रिय कार्य योजना बनाई लागू गरेको छ । यस कार्ययोजनाले मूलतः मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने ऐन र यसको नियमावलीको व्यावहारिक कार्यान्वयनमा बढी जोड दिएको छ ।

यस कार्य योजनाको प्राथमिकतामा प्रमुख पाँच क्षेत्र रहेका छन् : निरोध, संरक्षण, कानुनी कारबाही, समन्वय र सहकार्य, तथा क्षमता विकास ।

- **निरोध अन्तर्गत ११ वटा रणनीतिहरू रहेका छन् :** जोखिम समूहको पहिचान, कारक तत्वहरूको सम्बोधन, शिक्षामा मूलप्रवाहीकरण, एकीकृत तथ्याङ्क प्रणालीको विकास, सञ्चार माध्यमको क्षमता विकास, संयन्त्रहरूको निर्माण तथा सञ्चालन सम्बन्धी निर्देशिका, मनोरञ्जन तथा सत्कार व्यवसायको अनुगमन र नियमन, वैदेशिक रोजगारीका लागि सिप, सूचना र सञ्चार तथा प्रचारप्रसार, वैदेशिक रोजगारीका सन्दर्भमा सूचना केन्द्रहरूको स्थापना ।
- **संरक्षण अन्तर्गत नौ रणनीति तथा ३६ प्रमुख कार्यक्रमहरू रहेका छन् :** स्वदेश तथा विदेशमा रहेका मानव बेचबिखन पीडित तथा प्रभावितको अवस्था र तथ्याङ्क व्यवस्थापन, अधिकारमैत्री ढङ्गले बेचबिखन पीडित तथा प्रभावितको उद्धार र पुनर्एकीकरण प्रणाली स्थापना गर्ने, द्विदेशीय सम्झौताहरू गर्ने, स्वतस्फूर्त स्वदेश फिर्ती र सहायताको व्यवस्था गर्ने, पुनर्स्थापना गृह सञ्चालनलाई विस्तार गरी प्रभावकारी व्यवस्थापन गर्ने, पीडित तथा प्रभावितको पहिचानको अधिकारलाई संरक्षण र सुनिश्चित गर्ने, पुनर्स्थापनाका कार्यक्रम र कोषको निर्माण, पीडित तथा प्रभावितको सुरक्षा, र गोपनीयता तथा स्वास्थ्य, शिक्षा लगायतका सेवाहरूसम्मको पहुँचको सुनिश्चितता ।
- **कारबाही अन्तर्गत छ वटा रणनीति तथा २२ प्रमुख कार्यक्रमहरू रहेका छन् :** अपराध अनुसन्धान प्रणालीमा सुधार गर्ने, प्रहरी तथा अनुसन्धान अधिकृत एवं न्यायाधिवक्ताहरूमाझ प्रशिक्षण सञ्चालन गर्ने, विश्वविद्यालय शिक्षाको फौजदारी कानुनका विषयमा मानव बेचबिखनको विषय समावेश गर्ने, विद्यमान कानुन तथा नीतिगत व्यवस्थामा सुधार गर्ने, अपराध अनुसन्धान र न्यायिक निकायहरूको जवाफदेहिता अभिवृद्धि गर्ने, न्यायमा पहुँचको अनुगमन प्रणाली स्थापना गर्ने, वैकल्पिक हेरचाह निर्देशिका लागू गर्ने, पालेर्मो प्रलेख अनुमोदन गर्ने ।
- **क्षमता विकास सम्बन्धी आठ रणनीति तथा समन्वय सम्बन्धी छ रणनीतिहरू रहेका छन् :** विशिष्टीकृत निकाय बनाउने, विशिष्टीकृत निकायहरूको क्षमता विकास गर्ने, सेवा प्रदायक निकायहरूको क्षमता विकास गर्ने, गैसस तथा सामुदायिक सङ्गठनहरूको क्षमता विकास, अन्तर्मन्त्रालय समन्वय, द्विदेशीय समन्वय र सहकार्य तथा सरकारी र गैरसरकारी संस्थाहरूमाझको समन्वय प्रवर्द्धन गर्ने ।

मानव बेचबिखनसँग सरोकार राख्ने सवालमा स्थानीय तहका जिम्मेवारीहरू संविधान, स्थानीय तह सञ्चालन ऐन तथा मानव ओसारपसार तथा बेचबिखन नियन्त्रण र सजाय गर्ने ऐनले उल्लेख गरिदिएका छन् । हाल स्थानीय तह भन्नाले जिल्ला सभा, गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाहरू पर्दछन् ।

**नेपालको संविधानको धारा २२६ अनुसार कानुन बनाउन सक्ने व्यवस्था :** गाउँ सभा र नगर सभाले अनुसूची ८ र ९ बमोजिमका सूचीमा उल्लिखित विषयमा आवश्यक कानुन बनाउन सक्ने व्यवस्था छ । नेपालको संविधान २०७२को अनुसूची ८को स्थानीय सरकारको एकल अधिकार अन्तर्गत पाँचौं बुँदामा **स्थानीय सेवाको व्यवस्थापन** गर्ने जिम्मा स्थानीय तहमा रहेको छ ।

**संविधानले स्थानीय तहलाई प्रदान गरेका मानव बेचबिखन अन्त्यसँग सम्बन्धित अधिकारहरू**

- स्थानीय सेवाहरूको व्यवस्थापन : शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, पहिचान र विकास तथा कल्याणकारी सेवाहरू
- स्थानीय तथ्याङ्क सङ्कलन र अभिलेखीकरण : जनसाङ्ख्यिक तथ्याङ्क, बसाइसराइ, रोजगारी बेरोजगारी, महिला र बालबालिकाको अवस्था, शिक्षा तथा स्वास्थ्य सम्बन्धी तथ्याङ्क
- आधारभूत र माध्यमिक शिक्षा : छात्रवृत्ति, विद्यालय व्यवस्थापन, विद्यालय शान्ति क्षेत्र, विद्यालय बाहिर रहेका बालबालिकाको शिक्षा
- स्थानीय बजार व्यवस्थापन : बजारको अनुगमन र नियमन, मूल्य सूची, कामदार तथा उद्योग प्रतिष्ठानहरूको तथ्याङ्क र अवस्था
- बेरोजगारहरूको तथ्याङ्क सङ्कलन : बेरोजगार तथा रोजगारी खोजिरहेका व्यक्तिहरूको तथ्याङ्क, सम्भावना र अवसरहरूको सङ्कलन र समन्वय
- विपद् व्यवस्थापन : प्राकृतिक तथा मानवीय समस्याका कारण प्रकोपका समयमा मानिसहरूमा पर्न सक्ने प्रभावहरू, बेचबिखन तथा जबर्जस्ती श्रम समस्याहरू न्यूनीकरण गर्न कार्य योजना बनाउने र कार्यक्रम गर्ने
- अपराध रोकथाम र अनुसन्धानमा सहयोग पुर्‍याउने
- सामाजिक सुरक्षा र गरिबी निवारणका कार्यक्रमहरू निर्माण गरी लागू गर्ने
- व्यक्तिगत घटनाहरू (जन्म, मृत्यु, विवाह, बसाइसराइ)का दर्ता
- अपराध पीडितलाई पुनर्स्थापना र क्षतिपूर्ति उपलब्ध गराउने
- महिला हिंसा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी स्थानीय नीति निर्धारण र कार्यान्वयन गर्ने
- लैङ्गिक हिंसा सम्बन्धमा निरोधात्मक, संरक्षणात्मक र न्यायिक पुनर्स्थापनाका कार्यक्रमहरू गर्ने

**स्थानीय तह सञ्चालन ऐन (२०७४)ले प्रदान गरेका अधिकारहरू**

- रोजगार तथा बेरोजगारको तथ्याङ्क लिने
- स्थानीय बजारको अनुगमन र नियमन गर्ने
- विद्यालय शिक्षा व्यवस्थापन तथा छात्रवृत्ति लगायतका कार्यहरू सञ्चालन गर्ने
- मानव बेचबिखन, बाल श्रम तथा बाल विवाह लगायतका समस्याहरू अन्त्य गर्न कार्य गर्ने
- आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने
- स्थानीय तथ्याङ्क सङ्कलन र व्यवस्थापन गर्ने
- स्थानीय तहमा सङ्घसंस्थाहरूसँग सहकार्य गर्ने

**बालबालिका सम्बन्धी ऐन (२०७५)ले प्रदान गरेका अधिकारहरू**

- स्थानीय तहमा बाल अधिकार समिति गठन गर्ने ।
- स्थानीय न्यायिक समितिले बालबालिकाको हक प्रचलन गराउने ।
- स्थानीय तहमा बालकोष स्थापना गर्न सक्ने ।

**मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा सजाय ऐन (२०६४) प्रदान गरेका अधिकारहरू**

- स्थानीय मानव बेचबिखन विरुद्धको कोष स्थापना र सञ्चालन गर्ने ।
- स्थानीय तहमा पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने ।
- स्थानीय स्तरमा मानव बेचबिखन विरुद्धको समित गठन र परिचालन गर्न सक्ने ।

**स्थानीय सरकार सञ्चालन ऐन २०७४**को परिच्छेद ३ (गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार) अन्तर्गत दफा ११ र १२का विभिन्न उपदफाहरूमा बाल संरक्षण सम्बन्धी स्थानीय सरकारको भूमिका उल्लेख गरिएको छ ।

- दफा १२ को उपदफा २ (ग) नं ३२ मा वडा समितिहरूलाई बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बाल श्रम, **मानव बेचबिखनजस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गरउने जिम्मेवारी प्रदान गरिएको छ ।**
- दफा २४ को उपदफा ३मा गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा (च) महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनाउनुपर्ने व्यवस्था छ ।

त्यसै गरि उपदफा ५मा गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवी, विषय विज्ञ, अनुभवी, पेसाविद्, सीमान्तीकृत तथा लोपोन्मुख समुदाय, **महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा** गर्नुपर्ने व्यवस्था छ ।

# सातौं सत्र : मानव बेचबिखन नियन्त्रणसम्बन्धी स्थानीय सहायता संरचना

**समय :** ७० मिनेट

**विधि :** खुला छलफल, व्यक्तिगत लेखन तथा प्रस्तुति

**आवश्यक सामग्री :** कार्यप्रक्रिया सम्बन्धि प्रस्तुति, मार्कर, न्युजप्रिन्ट, मेटाकार्ड

## उद्देश्य

- सहभागीहरूलाई स्थानीय तहमा मानव बेचबिखनका घटनामा सहयोगी निकायहरूका बारेमा जानकारी दिनु ।

## अपेक्षित उपलब्धि

- सहभागीहरू आफ्ना स्थानीय तहमा कसरी र कुनकुन क्षेत्रमा मानव बेचबिखन अन्त्यका लागि नीतिगत, कार्यक्रमिक व्यवस्था गर्न सकिन्छ भनी बताउन सक्नेछन् ।

## क्रियाकलाप

- सहभागीहरूलाई स्थानीय तहमा नीति तथा कार्यविधिहरू कसरी बन्छ भनी खुल्ला प्रश्न गर्नुहोस् ।
- सहभागीहरूलाई स्थानीय तह सञ्चालन प्रणाली तथा यसको निर्णय प्रक्रियाको बारेमा जानकारी प्रस्तुत गर्नुहोस् ।
- सहभागीहरू सबैलाई मानव बेचबिखन छुट्टै विषय मात्र नभएर अन्य विषयसँग पनि सम्बन्धित सवाल हो भन्ने जानकारी दिनुहोस् ।
- सहभागीहरू प्रत्येकले निम्न विषयमा मानव बेचबिखनको सवाल सम्बोधन गर्न स्थानीय तहले अवलम्बन गर्न सक्ने एकएक वटा नीति लेख्न लगाउनुहोस् : शिक्षा, रोजगारी तथा आय आर्जन, व्यक्तिगत घटना दर्ता, बजार अनुगमन, बस पार्क तथा सार्वजनिक यातायात व्यवस्थापन, विपद् व्यवस्थापन, लैङ्गिक हिंसा, बाल अधिकार संरक्षण तथा संवर्द्धन, बाल श्रम रोकथाम तथा अन्त्य । सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।
- **अन्त्यमा** सहभागीका सुझावहरूलाई थप निष्कर्ष सहित सत्र समापन गर्नुहोस् । अध्ययन सामग्री ६ वितरण गर्नुहोस् ।

## सन्दर्भ सामग्री ६ : मानव बेचबिखन विरुद्ध स्थानीय तहको कार्य प्रक्रिया

**मानव बेचबिखन पीडित तथा प्रभावित एवं जोखिममा रहेकाहरूका लागि सहयोगी निकाय र उपलब्ध हुनसक्ने कार्यक्रम तथा सेवाहरू**

| सहयोगी निकाय | उपलब्ध सेवा तथा कार्यक्रमहरू |
|---|---|
| स्थानीय तहको सरकार (वडा, नगरपालिका, गाउँपालिका, महानगर र उपमहानगरपालिका) | जोखिममा रहेका व्यक्ति तथा परिवारलाई आयआर्जन सहायता<br>मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी सचेतना, प्रशिक्षण, छलफल तथा स्थानीय अनुगमन र तथ्याङ्क सङ्कलनका कार्यक्रमहरू<br>मानव बेचबिखन तथा ओसारपसार अन्त्य गर्ने नीति तथा कार्यक्रम निर्माण गर्ने, बजेट छुट्याउने तथा कार्यान्वयन गर्ने<br>मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने स्थानीय समिति गठन र सञ्चालन गर्ने<br>मानव बेचबिखन तथा ओसारपसार पीडितहरूको घर फिर्ती, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनामा सहायता प्रदान गर्ने<br>मानव बेचबिखन तथा ओसारपसार पीडितहरूलाई अन्तरिम क्षतिपूर्ति, कानुनी एवं राहत सहायता उपलब्ध गराउने<br>मानव बेचबिखन पीडितबाट जन्म भएका बालबालिकाको जन्मदर्ता गर्ने व्यवस्था मिलाउने, उनीहरूलाई राज्यका तर्फबाट संरक्षण सहायता प्रदान गर्ने व्यवस्था मिलाउने |
| स्थानीय न्यायिक समिति | पहिचान भएका वा शङ्कास्पद मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू तथा पीडितहरूलाई स्थानीय प्रहरी चौकीमा प्रेषण गर्ने<br>मानव बेचबिखन पीडित तथा प्रभावित व्यक्तिहरू एवं उनीहरूका बालबालिकामाथि लाञ्छना तथा भेदभाव भएका घटनाहरूको उजुरी लिने र सुनवाइ गर्ने |
| स्थानीय बाल अधिकार समिति | स्थानीय तहमा बालबालिकाको बेचबिखन न्यूनीकरण गर्न संरक्षण, सचेतना तथा जोखिम न्यूनीकरणका कार्यक्रमहरू गर्ने<br>स्थानीय बजार तथा उद्योग व्यवसायमा बाल श्रम रहेनरहेको जाँच्ने, बालबालिकाको बेचबिखन रोक्नका लागि यातायात अनुगमन र हस्तक्षेपका कार्यक्रमहरू सञ्चालन गर्ने<br>जोखिममा रहेका, पारिवारिक पुनर्मिलनमा आएका तथा शोषण र हिंसाबाट पीडित बालबालिकालाई सहायता प्रदान गर्ने |
| स्थानीय प्रहरी चौकी | मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणका लागि स्थानीय सचेतना, विद्यालय सचेतना, समुदाय प्रहरी साझेदारीका कार्यक्रमहरू सञ्चालन गर्ने<br>यातायात तथा आवागमनका प्रमुख नाकाहरूमा असुरक्षित आवागमन तथा ओसारपसार र बेचबिखनको जोखिममा रहेका व्यक्तिहरूको पहिचान गर्न अनुगमन तथा निरीक्षण गर्ने<br>मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावित व्यक्ति र परिवारलाई कानुनी सल्लाह, सहायता प्रदान गर्ने, उजुरी दर्ता गर्न प्रोत्साहित र सहयोग गर्ने<br>हराएका व्यक्ति तथा बालबालिकाको तथ्याङ्क राख्ने, जानकारी प्रवाह गर्ने<br>पीडितमैत्री व्यवहार तथा शैली अपनाउने |

| | |
|---|---|
| स्थानीय स्वास्थ्य संस्था | मानव बेचबिखन पीडित तथा प्रभावितहरूलाई निःशुल्क स्वास्थ्य जाँच तथा रगत परीक्षणको सेवा उपलब्ध गराउने<br>एचआइभी सङ्क्रमित भएको पाइएमा परामर्श तथा निःशुल्क औषधीका लागि प्रेषण गर्ने<br>मनोसामाजिक विमर्श तथा सेवाहरू प्रदान गर्ने |
| स्थानीय विद्यालय | मानव बेचबिखन पीडित तथा प्रभावितहरू विद्यालय भर्ना हुन सक्ने अवस्थामा भए उनीहरूलाई छात्रवृत्ति सहित निःशुल्क विद्यालय शिक्षाको अवसर प्रदान गर्ने<br>मानव बेचबिखन पीडितका बालबालिकाहरूलाई निःशुल्क, सहज र सरल तरिकाले विद्यालय भर्ना र अध्ययनको सुविधा दिने<br>विद्यालयमा नियमित रूपमा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सचेतना कक्षा सञ्चालन गर्ने<br>एचआइभी प्रभावित तथा मानव बेचबिखन पीडित, प्रभावित र उनीहरूका बालबालिका विरुद्ध लाञ्छना तथा विभेद हुन नदिन आचारसंहिता जारी गर्ने तथा विद्यालयका सबै शिक्षक, बालबालिका, अविभावक र कर्मचारीहरूलाई सचेत बनाउने |
| स्थानीय सामुदायिक संस्थाहरू (वन समूह, आमा समूह, बाल क्लब, बचत समूह, सहकारी आदि) | आफ्नो समूहमा मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित विषयहरू, जोखिमहरूका बारेमा छलफल गर्ने<br>आफ्नो समूहमा मानव बेचबिखन पीडित तथा प्रभावितहरूलाई पनि सदस्य बनाउने, नेतृत्व लिन प्रेरित गर्ने<br>आफ्नो समूहको कार्यक्षेत्रमा मानव बेचबिखनको जोखिममा रहेका व्यक्ति, समूह तथा समुदाय पहिचान गर्ने, उक्त क्षेत्रमा समूहले सक्ने सचेतना तथा सहायताका कार्यक्रम सञ्चालन गर्ने<br>मानव बेचबिखन पीडित तथा प्रभावितहरू र उनीहरूका परिवारलाई सहुलियत ऋण, उद्यमशीलता तथा आयआर्जन उपलब्ध गराउने व्यवस्था गर्ने |
| बाल हेल्पलाइन (१० ९८) तथा बालबालिका खोजतलास केन्द्र (१०४) | बालबालिका हाराएमा तथा हिंसा, शोषण एवं दुर्व्यवारमा परेमा फोनबाटै उजुरी लिने र बालबालिकाको सहायताका लागि कार्य गर्ने |
| रोजगारी सेवा प्रदायकहरू | श्रमिकहरूलाई श्रम क्षेत्रमा हुन सक्ने बाध्यकारी श्रम तथा श्रम शोषणका अभ्यासहरूक तथा उजुरी गर्ने निकायका बारेमा जानकारी दिने<br>रोजगारीका प्रक्रियामा श्रमिकहरूसँग कुनै नाफा, शुल्क वा फाइदा नलिने<br>आफूले रोजगारीमा लगाएका वा सहयोग गरेका व्यक्तिहरूको अवस्थाका बारेमा नियमित जानकारी लिने र जोखिममा रहेको, शोषण भएको शङ्का लागेमा श्रम कार्यालय वा प्रहरी कार्यालयमा जानकारी दिने |

| | |
|---|---|
| वैदेशिक रोजगार सेवा प्रदायकहरू | श्रमिकहरूबाट भर्ती शुल्क नलिने<br>सिप सिकेका, भाषा जानेका श्रमिकहरूलाई छनौट गर्ने<br>श्रमिकहरूको पासपोर्ट नियन्त्रणमा लिने, बिचौलियाको प्रयोग गर्ने, दोहोरो श्रम सम्झौता बनाउने काम नगर्ने<br>श्रम स्वीकृति लिएर, नेपालको विमानस्थलबाट मात्र श्रमिकहरूलाई वैदेशिक रोजगारीमा पठाउने<br>वैदेशिक रोजगारीमा जानुअघि उनीहरूलाई सम्बन्धित देशको भाषा, संस्कृति, कानुन र सहयोगी निकायहरूका बारेमा जानकारी दिने<br>वैदेशिक रोजगारीमा पठाइएका श्रमिकहरूको अवस्थाबारे नियमित जानकारी लिने र परिवारलाई जानकारी दिने |
| गैरसरकारी संस्था | मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय स्तरमा सचेतना, पैरवी तथा सहायताका कार्यक्रमहरू सञ्चालन गर्ने<br>पीडित तथा प्रभावितहरूलाई सही सूचना तथा जानकारी प्रदान गर्ने<br>पीडित तथा प्रभावितहरूको उद्दार गर्दा सम्बन्धित निकायसँग अनिवार्य सहकार्य गर्ने, प्रतिवेदन दिने<br>पीडितहरूको मानव अधिकार, गोपनीयता तथा समान मर्यादाको सम्मान गर्ने |
| स्थानीय उद्योग वाणिज्य सङ्घ तथा सङ्गठनहरू | आफ्नो व्यवसाय, उद्योग तथा आपूर्ति चक्रमा बाध्यकारी श्रम, बाल श्रम र बेचबिखन गरी मानिसहरूको प्रयोग नभएको सुनिश्चित गर्ने<br>आफ्नो व्यवसाय तथा उद्योगहरूमा उचित श्रम अभ्यास प्रवर्द्धन गर्न श्रम कानुनको पालना गर्ने, कामदारहरूको अभिलेख राख्ने, नियमित श्रम अडिट गराउने<br>आफ्नो मुनाफाको निश्चित हिस्सा मानव बेचबिखन तथा ओसारपसार अन्त्य गर्न सचेतना तथा पीडित सहायताका कार्यहरूमा लगानी गर्ने<br>आफ्नो उद्योग व्यवसायमा रोजगारीका लागि, जोखिममा रहेका तथा बेचबिखनमा परी पुनर्स्थापना प्रक्रियामा रहेकाहरूलाई प्राथमिक अवसर प्रदान गर्ने |
| स्थानीय आमसञ्चार माध्यम | मानव बेचबिखन तथा ओसारपसारबारे समाचार तथा लेखहरू छाप्ने वा बजाउने<br>मानव बेचबिखन तथा ओसारपसार विरुद्धका अभियानकर्मीहरूलाई समाजमा परिचित गराउने, उनीहरूले गरेका असल कामहरूको प्रचारप्रसार गर्ने |
| बार एसोसिएसन | मानव बेचबिखन पीडित तथा प्रभावितहरूलाई निःशुल्क कानुनी सहायता तथा परामर्श प्रदान गर्ने |

| | |
|---|---|
| प्रदेश सभाका समितिहरू | प्रदेश सरकारलाई मानव बेचबिखन तथा ओसारपसार विरुद्ध उपयुक्त नीति, नियम तथा कार्यक्रमहरू बनाउन निर्देशन दिने<br>प्रदेश सरकारले गरेका काम तथा त्यसका प्रगतिहरूबारे छलफल गर्ने र सुझाव दिने<br>कुनै निश्चित घटना वा विषयमा आवश्यक परेमा अध्ययन, अनुसन्धान तथा छानबिन गर्ने<br>पीडित तथा प्रभावितलाई स्थानीय सरकार वा प्रदेश सरकारका निकायहरूबाट सहयोग नभएमा, दुर्व्यवहार भएमा वा न्याय पाउनबाट वञ्चित गरिएमा त्यस्ता विषयमा छानबिन गर्ने र सरकारलाई निर्देशन दिने |
| प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने प्रदेशभित्र नीति, नियम, कार्यक्रमहरू बनाउने<br>मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रदेश स्तरीय संयन्त्रहरू निर्माण तथा परिचालन गर्ने<br>मानव बेचबिखन तथा ओसापसार पीडितहरूका लागि राहत, पुनर्मिलन तथा पुनर्स्थापनाका कार्यहरू गर्ने र त्यस विषयमा सहायता प्रदान गर्ने |
| प्रदेश सरकार, आन्तरिक मामला तथा कानुन मन्त्रालय | प्रदेश अन्तर्गतका प्रहरी निकायहरूलाई मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी प्रशिक्षण प्रदान गर्ने, विशेष एकाइहरू गठन गर्ने<br>मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि अनुसन्धान निर्देशिकाहरू बनाउने र लागू गर्ने |
| श्रम कार्यालयहरू | आफ्नो कार्यक्षेत्रभित्रका औपचारिक तथा अनौपचारिक श्रम क्षेत्रको श्रम निरीक्षण र अनुगमन गर्ने<br>श्रमिकहरूलाई बेचबिखन, बाध्यकारी श्रम तथा बाल श्रममा संलग्न गराइएको विषयको उजुरी लिने र सुनवाइ गर्ने |
| वैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिका कार्यालयहरू | वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको श्रम इजाजतपत्रको निवेदन लिने र श्रम स्वीकृति दिने<br>वैदेशिक रोजगारीका सवालमा स्थानीय क्षेत्रमा सचेतना तथा छलफल कार्यक्रमहरू आयोजना गर्ने |
| मानव बेचबिखन अनुसन्धान ब्युरो, नेपाल प्रहरी | मानव बेचबिखन तथा ओसारपसारका घटनाहरूको उजुरी लिने<br>मानव बेचबिखनका अपराधहरूको अनुसन्धान गर्ने र दोषीलाई पक्राउ गर्ने तथा पीडितलाई सुरक्षित रूपमा स्वदेश फिर्ती र पुनर्स्थापनामा सहयोग गर्ने<br>नेपाल प्रहरीका विभिन्न निकायहरूका लागि मानव बेचबिखनका अपराधमा प्रभावकारी अनुसन्धान सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने |

| | |
|---|---|
| वैदेशिक रोजगार बोर्ड | वैदेशिक रोजगारीमा विभिन्न कारणले अप्ठेरामा परेकाहरूको उद्दार तथा सहायता गर्ने<br>वैदेशिक रोजगारीका क्रममा पीडित भएका व्यक्ति र परिवारलाई राहत सेवा सुविधा उपलब्ध गराउने<br>सुरक्षित वैदेशिक रोजगारीका बारेमा सचेतना फैलाउने तथा सल्लाह सुझावहरू प्रदान गर्ने |
| वैदेशिक रोजगार विभाग | वैदेशिक रोजगारीमा ठगिएका व्यक्तिहरूको उजुरी लिने<br>वैदेशिक रोजगारीका क्रममा भएका ठगी, ढिलासुस्ती, भर्ती शुल्क लिएको तथा अन्य कानुन विपरीत कार्य गर्ने म्यानपावर एजेन्सी तथा व्यक्तिहरूलाई कार्बाही गर्ने<br>पीडितहरूलाई क्षतिपूर्ति दिने, ठगिएको रकम फिर्ता गर्न सहयोग गर्ने |
| मानव बेचबिखन विरुद्धको जिल्ला तथा प्रदेश समिति | मानव बेचबिखन विरुद्धको जिल्ला स्तरीय तथा प्रदेश स्तरीय कार्यक्रमहरू निर्माण र सञ्चालन गर्ने<br>मानव बेचबिखन पीडित सहायता कोष सञ्चालन गर्ने<br>अर्को जिल्ला वा प्रदेशमा बेचिएका वा फिर्ता भई आइपुगेका वा फेला परेका बेचबिखन पीडित तथा प्रभावितहरूलाई आफ्नो प्रदेश, जिल्ला तथा गाउँमा फर्कन सहयोग गर्ने |
| मानव बेचबिखन विरुद्धको राष्ट्रिय समिति | मानव बेचबिखन विरुद्ध राष्ट्रिय कार्यक्रमहरू तयार पार्ने र लागू गर्ने<br>मानव बेचबिखन अन्त्यका लागि आवश्यक नीतिनियम, कानुन बनाउन सङ्घीय सरकारलाई सुझाव प्रदान गर्ने<br>विदेशमा बेचबिखनमा परेका नेपालीहरूको उद्धार तथा स्वदेश फिर्तीमा सहयोग गर्ने |
| विदेशमा रहेको नेपाली दूतावास | विदेशमा बेचबिखनमा परेका नेपालीहरूको उद्धार तथा स्वदेश फिर्तीमा सहयोग गर्ने |
| राष्ट्रिय मानव अधिकार आयोग | मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि विभिन्न अध्ययन, अनुसन्धान तथा अवस्था अनुगमनका कार्यहरू गर्ने<br>मानव बेचबिखन तथा ओसारपसार पीडित तथा प्रभावितहरूको मानव अधिकार हनन भएमा त्यसको रक्षाका लागि कार्य गर्ने<br>मानव बेचबिखन तथा ओसारपसार अन्त्य गर्न वा विशेष घटनाहरूमा सरकारले गर्नुपर्ने कार्यहरूबारे सिफारिस गर्ने<br>अन्य देशका मानव अधिकार आयोगहरूसँग सम्पर्क तथा सम्बन्ध विस्तार गरी मानव बेचबिखन तथा ओसारपसारमा परेका नेपाली नागरिकहरूको संरक्षण, अधिकारको सुरक्षा तथा स्वदेश फिर्तीका लागि पहल गर्ने |

# आठौँ सत्र : समीक्षा र स्थगन

**समय :** ३० मिनेट

**विधि :** निष्कर्ष र सङ्क्षेपीकरण

**आवश्यक सामग्री :** न्युजप्रिन्ट, मार्कर, मास्किङ टेप

## उद्देश्य

- पहिलो दिनको प्रशिक्षण कार्यशालाको सिकाइ र व्यवस्थापकीय पक्षको समीक्षा गर्नु ।

## अपेक्षित उपलब्धि

- सहभागीहरूले दिनभरिको सिकाइलाई अभिव्यक्त गर्नेछन् ।
- सहभागीहरूले प्रशिक्षक तथा आयोजकलाई सुझाव प्रदान गर्नेछन् ।

## क्रियाकलाप

- सहभागीहरूलाई आजको दिनको मुख्य सिकाइ के रह्यो भनी खुलाा प्रश्न गर्नुहोस् ।
- सहभागीहरूबाट आएका सुझावलाई न्युजप्रिन्टमा टिप्दै जानुहोस् ।
- सहभागीहरूलाई आजको दिनको प्रशिक्षण र विषयमा अस्पष्ट भएको वा सुधार गर्नुपर्ने विषय के रह्यो भनी प्रश्न गर्नुहोस् ।
- सहभागीहरूबाट आएका सुझावहरूलाई टिप्दै जानुहोस् ।
- सिकाइ र सुझावहरूलाई संश्लेषण गर्दै आजको दिनको प्रशिक्षण स्थगन भएको जानकारी दिनुहोस् ।

## दोस्रो दिन : मानव बेचबिखन अन्त्यका लागि स्थानीय सरकारको कार्य प्रक्रिया र कार्य योजना

| दिन तथा समय | प्रशिक्षणको विषय | विधि |
|---|---|---|
| ९:०० देखि ९:३० | पुनरवलोकन | व्यक्तिगत लेखन र प्रस्तुति |
| ९:३० देखि १०:३० | स्थानीय समितिको गठन र परिचालन | समूह कार्य र प्रस्तुति |
| १०:३० देखि १०:५० | चिया विश्राम | |
| १०:५० देखि १२:०० | स्थानीय सहायता कोष | अन्तर्क्रियात्मक प्रस्तुति |
| १२:०० देखि १:०० | तथ्याङ्क व्यवस्थापन | व्यक्तिगत लेखन र खुला छलफल |
| १:०० देखि २:०० | खाना विश्राम | |
| २:०० देखि ३:३० | स्थानीय तहको कार्यक्रम योजना | सामूहिक कार्य |
| ३:३० देखि ४:३० | समीक्षा, धन्यवाद तथा समापन | प्रशिक्षणपछिको सर्वेक्षण तथा समीक्षा फारम<br>औपचारिक कार्यक्रम |

# नवौं सत्र : पुनरवलोकन

**समय :** ३० मिनेट

**विधि :** व्यक्तिगत लेखन तथा प्रस्तुति

**आवश्यक सामग्री :** मेटाकार्ड, साइनपेन वा मार्कर, मास्किङ टेप

## उद्देश्य

- सहभागीहरूको सिकाइलाई पुनरवलोकन गर्दै कार्य योजनामा जोड्नु ।

## अपेक्षित उपलब्धि

- सहभागीहरूले अघिल्लो दिनको सिकाइका बारेमा बताउनेछन् ।
- अघिल्लो दिनका विषयमा रहेको अस्पष्टताबारे जानकारी दिनेछन् ।

## क्रियाकलाप

- सबै सहभागीलाई दुई वटा फरकफरक रङका (हरियो र सेतो) मेटाकार्ड वितरण गर्नुहोस ।
- प्रत्येक सहभागीले हरियो मेटाकार्डमा अघिल्लो दिनको सिकाइका दुई बुँदा लेख्नुपर्ने र सेतो मेटाकार्डमा स्पष्ट नभएको कुरा लेख्नुपर्ने बताउनुहोस् ।
- एकले लेखेको मेटाकार्ड कोही अर्को व्यक्तिलाई दिनुहोस् ।
- सबै जनाको मेटाकार्ड फरकफरक व्यक्तिसँग पुगेपछि पालैपालो मेटा कार्डमा लेखिएको कुरा ठुलो स्वरले पढ्न लगाउनुहोस् ।
- यसरी पढ्ने क्रममा समान सिकाइ भएका मेटाकार्ड छन् कि छैनन् भनी सोध्नुहोस् । यदि भएमा उनीहरूलाई पहिला पढ्न दिनुहोस् ।
- अस्पष्ट भएका विषय आएमा उक्त विषयको उत्तर सिकाइ भएको कुनै मेटाकार्डमा छ कि छैन भनी सोध्नुहोस् र भएमा भन्न लगाउनुहोस् । नभए न्युजप्रिन्टमा टिप्दै जानुहोस् ।
- अन्त्यमा सहजकर्ताले अस्पष्ट भएका विषयलाई स्पष्ट पार्नुहोस् र दोस्रो दिनमा स्थानीय समिति गठन तथा कार्यक्रमहरूका बारेमा थप छलफल गर्ने बताउँदै सत्र समापन गर्नुहोस् ।

# दशौं सत्र : स्थानीय समितिको गठन र परिचालन

**समय** : ६० मिनेट

**विधिः** सामूहिक कार्य, प्रस्तुति तथा छलफल

**आवश्यक सामग्री** : अध्ययन सामग्री ७, न्युजप्रिन्ट, मार्कर, टेप

## उद्देश्य

- मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि स्थानीय समिति गठन सम्बन्धमा जानकारी दिनु ।

## अपेक्षित उपलब्धि

- सहभागीहरूले स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि स्थानीय समिति गठनको आवश्यकता थाहा पाउनेछन् र गठन गर्न सहमत हुनेछन् ।

## क्रियाकलाप

- सहभागीहरूलाई तीन वटा समूहमा विभाजन गर्नुहोस् ।
- सबै समूहलाई स्थानीय समिति सम्बन्धी नमुना व्यवस्था उल्लेख भएको अध्ययन सामग्री ७ प्रदान गरी अध्ययन गर्न लगाउनुहोस् ।
- अध्ययन सामग्रीका आधारमा निम्नानुसार समूह कार्य गरी प्रस्तुत गर्न लगाउनुहोस् (२० मिनेट) ।
    - समूह १ : समितिको गठन कसरी गर्ने ? कोको संयोजक र सदस्य बनाउन सकिन्छ ?
    - समूह २ : समितिको कामहरू केके हुन सक्दछन् ?
    - समूह ३ : समितिले केके कामहरू गर्न सक्दैन ?
- सहभागीहरूबाट भएको प्रस्तुतिमा थप स्पष्ट पार्नुपर्ने विषय भएमा स्पष्ट पार्दै सत्र समापन गर्नुहोस् ।

## अध्ययन सामग्री ७ : स्थानीय समिति सम्बन्धी व्यवस्था (नमुना)

*(विद्यमान मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नियमावली २०६४ अन्तर्गत मानव बेचबिखन नियन्त्रण स्थानीय समिति सम्बन्धी व्यवस्थालाई वर्तमान सङ्घीय संरचना अनुरूप थपघट गरिएको)*

*स्थानीय तह अन्तर्गत मानव बेचबिखन तथा ओसारपसार, यौन शोषण, बालश्रम तथा बाध्यकारी श्रमजस्ता समस्याहरूको रोकथाम तथा न्यूनीकरण गर्न देहायका व्यक्तिहरू रहेको पालिका स्तरीय मानव बेचबिखन विरुद्धको समिति गठन गर्न सकिन्छ ।*

| | |
|---|---|
| संयोजक | उपप्रमुख वा उपाध्यक्ष, स्थानीय तह |
| सदस्य | प्रमुख, स्थानीय प्रहरी कार्यालय |
| सदस्य | प्रधानाध्यापक, स्थानीय तहभित्रको सबैभन्दा उच्च तहको विद्यालय |
| सदस्य | प्रमुख, स्थानीय स्वास्थ्य सेवा केन्द्र |
| सदस्य | संयोजक, रोजगारी सेवा तथा सूचना केन्द्र |
| सदस्य | प्रमुख, शिक्षा विकास शाखा |
| सदस्य | प्रमुख, कृषि तथा पशु विकास शाखा |
| सदस्य | स्थानीय तहमा क्रियाशील सङ्घसंस्थाका प्रतिनिधि एक जना |
| सदस्य | स्थानीय समिति, उद्योग वाणिज्य सङ्घ |
| सदस्य | मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरूमध्येबाट पालिकाले मनोनीत गरेको एक जना सदस्य (उपलब्ध भएसम्म) |
| सदस्य सचिव | शाखा प्रमुख, महिला बालबालिका तथा सामाजिक विकाससँग सम्बन्धित शाखा |

**पालिका स्तरीय समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहनेछन् :**

- मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरू सञ्चालन गर्ने
- मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित स्थानीय तहमा तथ्याङ्क सङ्कलन, लगत तथा अभिलेख अद्यावधिक गर्ने, वार्षिक रूपमा तथ्याङ्क विवरण प्रदेश समिति तथा राष्ट्रिय समितिलाई उपलब्ध गराउने
- पीडित सहायता, संरक्षण, न्याय तथा पुनर्स्थापनाका लागि आवश्यक अन्तर्निकाय तथा अन्तर्स्थानीय तह समन्वयको कार्य गर्ने
- स्थानीय स्तरमा पीडित सहायता तथा मानव बेचबिखन विरुद्धका कार्यक्रमहरू सञ्चालन गर्न मानव बेचबिखन विरुद्धको कोष स्थापना र सञ्चालन गर्ने
- विदेशमा पीडित भएकाहरूको पहिचान भएमा वा त्यस्तो उजुरी वा निवेदन प्राप्त भएमा आवश्यक सहायताका लागि राष्ट्रिय समितिमा प्रेषण तथा समन्वय र सहकार्य गर्ने
- स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरूमाझ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने
- स्थानीय स्तरका कार्यक्रमहरू सञ्चालन गर्न अन्य सरकारी निकाय, गैसस तथा निजी क्षेत्रसँग सहकार्य र समन्वय गर्ने
- प्रत्येक वडामा वडा अध्यक्ष वा तोकिएको सदस्यको संयोजकत्वमा मानवबेचबिखन विरुद्धको वडा स्तरीय समिति गठन, परिचालन तथा सबलीकरण गर्ने
- पालिका स्तरीय समितिको बैठक वार्षिक न्यूनतम छ पटक र आवश्यकता अनुसार सोभन्दा बढी पनि बस्ने
- पालिकामा रहेका रोजगारी प्रवर्द्धन, महिला विकास, बाल अधिकार प्रवर्द्धन, कृषि विकास, पशु विकास वा यस्तै समुदायमा केन्द्रित कार्यक्रमहरूलाई पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरूलाई लक्षित गरी सञ्चालन गर्ने ।

# एघारौं सत्र : स्थानीय सहायता कोष

**समय :** ७० मिनेट

**विधिः** अन्तर्क्रियात्मक प्रस्तुति

**आवश्यक सामग्री :** स्थानीय सहायता कोष सम्बन्धी नीतिगत व्यवस्था भएको अध्ययन सामग्री ८

## उद्देश्य

- सहभागीहरूलाई स्थानीय सहायता कोष सम्बन्धी नीतिगत व्यवस्थाबारे जानकारी दिनु ।

## अपेक्षित उपलब्धि

- सहभागीहरू स्थानीय सहायता कोषको आवश्यकता र स्थापना गर्ने योजनाबारे सहमत हुनेछन् ।

## क्रियाकलाप

- सहभागीहरूलाई स्थानीय सहायता कोष सम्बन्धी नीतिगत व्यवस्थाका बारेमा जानकारी दिनुहोस् ।
- सबै सहभागीलाई स्थानीय सहायताकोषसम्बन्धी अध्ययन सामग्री ८ अध्ययन गर्न दिनुहोस् ।
- सहभागीहरूमध्ये राम्रो लेख्न जान्ने सहभागीलाई अगाडि बोलाउनुहोस् र खुला छलफल चलाउनुहोस् ।
- प्रत्येक सहभागीले प्रत्येक प्रश्नमा नदोहोरिने गरी एउटा मात्र उत्तर दिने नियम लागू गरी सबैलाई पालैपालो बोल्न लगाउनुहोस् :
    - स्थानीय सहायता कोषका स्रोतहरू केके हुन सक्छन् ?
    - स्थानीय सहायता कोषको रकम केके काममा प्रयोग गर्न सकिन्छ ?
    - स्थानीय सहायता कोष कहाँ स्थापना गर्नुपर्छ ?
- सहायता कोषको व्यवस्थापन तथा उपयोग सम्बन्धमा अस्पष्ट विषयहरू भए स्पष्ट पार्दै सत्र समापन गनुहोस् ।

## अध्ययन सामग्री ८ : स्थानीय सहायता कोष सम्बन्धी नीतिगत व्यवस्था

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ दफा १७. पुनर्स्थापना कोषको व्यवस्थापन र सञ्चालन सम्बन्धी व्यवस्था :

(१) केन्द्रीय स्तरको पुनर्स्थापना कोष राष्ट्रिय समिति अन्तर्गत रहनेछ ।

(२) राष्ट्रिय समितिले जिल्ला समिति अन्तर्गत रहने गरी आवश्यकता अनुसार पुर्नस्थापना कोषको स्थापना गर्न सक्नेछ ।

(३) पुनर्स्थापना कोषको रकम ऐन तथा यस नियमावली बमोजिम पीडितको उद्धार र पुनर्स्थापना गर्नमा मात्र खर्च गरिनेछ ।

(४) जिल्ला स्तरको कोषमा केन्द्रीय स्तरको कोषको रकममध्येबाट राष्ट्रिय समितिले तोकेको रकम र जिल्ला समितिले स्थानीय स्तरमा प्राप्त रकम रहनेछ ।

(५) राष्ट्रिय स्तरको पुनर्स्थापना कोषको खाता सञ्चालन राष्ट्रिय समितिको सदस्यसचिव र मन्त्रालयको आर्थिक शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(६) जिल्ला स्तरको पुनर्स्थापना कोषको खाता सञ्चालन जिल्ला समितिको सदस्यसचिव र महिला विकास शाखाको आर्थिक प्रशासन शाखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

# बाह्रौं सत्र : तथ्याङ्क व्यवस्थापन

**समय :** ६० मिनेट

**विधि :** व्यक्तिगत लेखन र खुला छलफल

**आवश्यक सामग्री :** मेटाकार्ड, साइन पेन, मार्कर, मास्किङ टेप

## उद्देश्य

सहभागीहरूलाई स्थानीय तहमा मानव बेचबिखनका घटना तथा जोखिमको तथ्याङ्क राख्ने व्यवस्था सम्बन्धी जानकारी दिनु

## अपेक्षित उपलब्धि

सहभागीहरू स्थानीय तहमा मानव बेचबिखन सम्बन्धी तथ्याङ्क सङ्कलन र व्यवस्थापन सम्बन्धमा सहमत हुनेछन् ।

## क्रियाकलाप

- सहभागीहरूलाई मानव बेचबिखन सम्बन्धि स्थानीय सूचना तथा तथ्याङ्कहरूका बारेमा निम्न प्रश्न सोध्नुहोस् ।
- प्रत्येक सहभागीलाई अधिकतम तीन वटा प्रश्नका उत्तर मेटाकार्डमा लेख्न लगाउनुहोस् :
    - मानव बेचबिखनको जोखिम सम्बन्धी तथ्याङ्क कसरी लिने ?
    - मानव बेचबिखनका घटना सम्बन्धी तथ्याङ्क कसरी लिने ?
    - मानव बेचबिखन पीडित तथा प्रभावितहरूको पुनर्स्थापना र पुनर्मिलन सम्बन्धी तथ्याङ्क कसरी लिने ?
    - मानव बेचबिखन पीडितहरूको प्रयोगको सम्भावना रहेका व्यवसाय, उद्योगधन्दा तथा रोजगारदाता सम्बन्धी तथ्याङ्क कसरी लिने ?
- अन्त्यमा सबै जनासँग खुला छलफल गर्दै स्थानीय तहमा तथ्याङ्क तथा सूचना व्यवस्थापन कुन शाखाको जिम्मेवारी हुन सक्छ भन्ने विषयमा छलफल गर्नुहोस् ।
- सहभागीहरूलाई तथ्याङ्क व्यवस्थापनसम्बन्धी अध्ययन सामग्री ९ प्रदान गर्नुहोस् ।
- अन्त्यमा सहमतिपूर्ण निष्कर्षसहित छलफल समापन गर्नुहोस् ।

## अध्ययन सामाग्री ९ : तथ्यांक ब्यबस्थापन

स्थानीय तहका सरकारहरू तथ्यांक ब्यबस्थापनका लागि जिम्मेवार रहेका छन् । मानव बेचबिखन सम्बन्धि तथ्यांकहरू संकलन गर्न सहज छैन । यो विषय लुकेर रहेको र मानीसहरूले बताउन नचाहने वा कतीपय अवस्थामा मानीसहरूलाई यो समस्या भए नभएको थाहा नहुने कारणले यस सम्बन्धी तथ्यांकहरू बताउन सक्दैनन् । यसर्थ मानव बेचबिखनका सवालमा अप्रत्यक्ष तथ्यांकहरू संकलन गरी जोखिमताको मापन गर्न सकिन्छ । यस्ता अप्रत्यक्ष तथ्यांकहरू संलकन गर्ने क्षेत्रहरू र विषयहरू निम्न हुन सक्छन् :

| **क्षेत्र** | **तथ्यांकका विषयहरू** |
|---|---|
| शिक्षा | विद्यालय छाड्ने बालबालिकाको संख्या |
| रोजगारी | बालश्रममा संलग्नहरूको संख्या<br>वयस्क मनोरन्जनमा संलग्नहरूको संख्या<br>बैदेशिक रोजगारीमा गएकाहरूको संख्या<br>बिदेशमा वा स्वदेशमा सम्पर्कविहिन भएकाहरूको संख्या |
| स्वास्थ्य | एचआइभि संक्रमित भएका ब्यक्तिहरूको संख्या<br>स्वेच्छिक गर्भ पतन गराउने अविवाहित किशोरकिशोरीहरूको संख्या<br>गर्भ निरोधक साधनहरू प्रयोग गराउने किशोरकिशोरीहरूको संख्या |
| हराएका र फेला परेका | हराएका र फेला परेका ब्यक्तिहरू |
| महिला र बालबालिका | घरेलु हिंसामा परेका महिला र बालबालिकाहरूको संख्या |
| अस्थीी बसाइसराइ | दर्ता नगरी वा जानकारी नगराई अस्थायी रुपमा बसाइ सराइ गरेका ब्यक्तिहरू,<br>सिमापार श्रममा गएका ब्यक्तिहरूको संख्या |

स्थानीय सरकार सञ्चालन ऐन २०७६ को दफा ११ (च) ले स्थानीय तहलाई तथ्यांक संकलन सम्बन्धमा निम्न दायित्व सृजना गरेको छ :

१. स्थानीय तथ्यांक सम्बन्धीत कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

२. आधारभुत तथ्यांक संकलन र ब्यबस्थापन

३. जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइसराई, दताए र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण ब्यबस्थापन

४) सूचना तथा सञ्चार, प्रविधियुक्त, आधारभुत तथ्यांकको संकलन र व्यवस्थापन,

५) स्थानीय तथ्यांक र अभिलेख संकलन सम्बन्धी अन्य कार्य ।

# तेह्रौं सत्र : स्थानीय तहको कार्यक्रम कार्य योजना

**समय** : ९० मिनेट

**विधि** : सामूहिक कार्य र प्रस्तुति

**आवश्यक सामग्री** : कार्ययोजना ढाँचा, न्युजप्रिन्ट वा फ्लिपचार्ट, मार्कर, मास्किङ टेप

## उद्देश्य

- मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि स्थानीय तहको कार्य योजना बनाउनु ।

## अपेक्षित उपलब्धि

- मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि स्थानीय तहले कार्य तालिका सहितको कार्य योजना बनाउनेछन् ।

## क्रियाकलाप

- सहभागीहरूमाझ मानव बेचबिखन अन्त्यका लागि स्थानीय तहले अब गर्नैपर्ने कार्यहरू भन्न लगाउनुहोस् । आएका जवाफलाई टिप्नुहोस् ।
- सहभागीहरूलाई आआफ्ना स्थानीय तहको समूह बनाउन लगाउनुहोस् ।
- सहभागीहरूलाई कार्य योजना ढाँचाबारे जानकारी दिनुहोस् ।
- सहभागीहरूलाई आआफ्नो स्थानीय तहका लागि कार्य योजना बनाउन लगाउनुहोस् । प्रत्येक स्थानीय तहले गर्ने पाँचदेखि सात वटा प्राथमिकताका कार्यहरू पहिचान गर्नुहोस् । समय तालिका, जिम्मेवारी, अपेक्षित सहयोग र सहयोगी निकाय उल्लेख गर्न लगाउनुहोस् ।
- उक्त कार्यहरूलाई कार्य योजना ढाँचामा लेख्न लगाउनुहोस् ।
- सहयोगी संस्थाहरू उपस्थित भएमा उनीहरूले स्थानीय तहका कार्य योजनालाई कसरी सघाउन सक्छन् भन्ने विषयमा छोटकरीमा भन्न लगाउनुहोस् (१५ मिनेट) ।
- सबै समूहको कार्य योजनाको फोटो खिचेर आयोजकले राख्नुहोस् र मूल कापी सम्बन्धित समूहलाई दिनुहोस् ।

## सन्दर्भ सामग्री ९ : कार्य योजना ढाँचा

**स्थानीय तहको नाम :**

**कार्य योजना निर्माण गर्नेहरूको नाम :**

| कार्यहरू | कहिलेसम्म गर्ने | कसले गर्ने | सहयोगी निकाय |
|---|---|---|---|
| स्थानीय वडा समितिका प्रतिनिधिहरूलाई अनुशिक्षण कार्यशाला | | | |
| मानव बेचबिखन अन्त्यका लागि नीति तथा कार्यक्रम तर्जुमा | | | |
| मानव बेचबिखन नियन्त्रण स्थानीय समितिको गठन | | | |
| मानव बेचबिखन नियन्त्रण वडा समितिको गठन | | | |
| मानव बेचबिखन पीडित सहायता कोष स्थापना | | | |
| मानव बेचबिखन सम्बन्धी अवस्थाको तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# चौधौं सत्र : समीक्षा, मूल्याङ्कन तथा समापन

**समय** : ६० मिनेट

**विधि** : व्यक्तिगत कार्य र औपचारिक कार्यक्रम

**आवश्यक सामग्री** : प्रशिक्षण सिकाइ मूल्याङ्कन प्रश्नावली, समापनमा उपस्थित हुने अतिथिहरूका लागि आसन

## उद्देश्य

- प्रशिक्षण कार्यशालाको समीक्षा र मूल्याङ्कन गर्नु
- प्रशिक्षण कार्यको औपचारिक समापन गर्नु

## अपेक्षित उपलब्धि

- सहभागीहरूको सिकाइ उपलब्धि मूल्याङ्कन हुनेछ ।
- सहभागीहरू तथा नीति निर्माताहरूको प्रतिबद्धता प्राप्त हुनेछ ।

## क्रियाकलाप

- सहभागीहरूलाई प्रशिक्षणपछिको प्रश्नावली तथा समीक्षा फारम भर्न लगाउनुहोस् ।
- सहभागीहरूमाभ्र दुई जनालाई पाँच मिनेटमा प्रशिक्षणका सिकाइ र सुभ्रावबारे भनाइ राख्न लगाउनुहोस् ।
- आयोजक तथा सहयोगी संस्थाका प्रतिनिधिहरूलाई छोटो धन्यवाद र प्रतिबद्धता मन्तव्य राख्न लगाउनुहोस् र प्रशिक्षण समापन गर्नुहोस् ।

## सन्दर्भ सामग्री १० : स्थानीय समिति सदस्यहरूका लागि सिकाइ मापन प्रश्नावली

### (तालिमपछिका लागि)

एउटा मात्र उत्तरमा ठिक (√)चिह्न दिनुहोस् ।

१. **मानव बेचबिखन केका लागि हुने गर्दछ ?**

क) यौन शोषण    ख) श्रम शोषण    ग) अङ्ग झिक्ने काम    घ) माथिका सबै

२. **मानव बेचबिखनका पीडित तथा जोखिममा रहेका समूह कुनकुन हुन् ?**

क) महिला    ख) पुरुष    ग) बालबालिका    घ) सबै

३. **मानव बेचबिखन हुनका निम्ति देश बाहिर ओसारपसार हुनु जरुरी छ ?**

क) जरुरी छ    ख) जरुरी छैन    ग) अन्य

४. **मानव बेचबिखन हुनुमा कुन कारण प्रमुख छ ?**

क) पीडितहरूले होस नपुऱ्याउनु    ख) नियन्त्रणकारी संयन्त्र क्रियाशील नहुनु

ग) गरिब    घ) खुला सीमाना    ङ) अन्य

५. **मानव बेचबिखन रोक्न स्थानीय तहले के काम गर्न सक्छ ?**

क) स्थानीय कानुन बनाउने    ख) स्थानीय नीति तथा कार्यक्रम बनाउने

ग) मानव बेचबिखनको उजुरी लिने र सुनवाइ गर्ने    घ) केही पनि गर्न पाउँदैन

६. **मानव बेचबिखन रोक्न के गर्नुपर्दछ ?**

क) महिलालाई विदेश जान रोक्नुपर्दछ    ख) बालबालिकालाई कडा नियन्त्रणमा राख्नुपर्दछ

ग) स्थानीय निगरानी बढाउनुपर्दछ    घ) स्थानीय सामाजिक सुरक्षाका कार्यक्रम चलाउनुपर्दछ

७. **यस प्रशिक्षण कार्यक्रमबाट तपाइँले केकस्ता कुराहरू सिक्न सफल हुनुभयो ?**

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

८. **यस प्रशिक्षण कार्यक्रममा सुधार गर्नुपर्ने के कुराहरू रहेका छन् ?**

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

## अनुसुची १ : स्थानीय सरकारको मानव बेचबिखन विरुद्धको नीति (नमुना)

मानव बेचबिखन तथा ओसारपसार एक गम्भीर समस्या भएको, यस पालिकाका नागरिकहरू पनि यस अपराधको जोखिममा रहेको र विभिन्न समयमा पीडित भएको तथ्यलाई मध्यनजर गर्दै; नेपालको दिगो विकास लक्ष्य प्राप्तिको योजना, संविधानले मौलिक हक तथा राज्यका नीति अन्तर्गत गरेका व्यवस्था, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण र सजाय गर्ने ऐन २०६४का व्यवस्थाहरूको कार्यान्वयन र स्थानीय तह सञ्चालन ऐन २०७४ को दफा ११ (७) ले दिएको अधिकार प्रयोग गरी ......................पालिकाको ......औँ बैठक तथा .....औँ सभाबाट अनुमोदन गरी ............पालिकाको मानव बेचबिखन तथा ओसारपसार विरुद्धको नीति कार्यान्वयनमा ल्याएको छ ।

१. नीतिको नाम र प्रारम्भ : यस नीतिको नाम ँमानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि ............पालिकाको नीति २०....... रहेको छ । यो नीति मिति .........देखि यस पालिकाभर लागू हुनेछ ।

**२. नीतिको उद्देश्य**

यस नीतिको लक्ष्य यस पालिकामा मानव बेचबिखन तथा ओसारपसारको जोखिम न्यूनीकरण गर्ने तथा पीडितहरूको सम्मानपूर्ण र दिगो पुनर्स्थापना गर्ने रहेको छ । यस नीतिले निम्न विशिष्ट उद्देश्यहरू लिएको छ :

क. पालिका क्षेत्रभित्र मानव बेचबिखन तथा ओसारपसारको जोखिम न्यूनीकरण गर्ने

ख. मानव बेचबिखन तथा ओसारपसारमा परेका पीडितहरूको सम्मानपूर्ण उद्धार तथा न्याय र दिगो पुनर्स्थापना सुनिश्चित गर्ने

ग. मानव बेचबिखन तथा ओसारपसार विरुद्ध व्यवस्थित, विधिवत् र एकीकृत ढङ्गले सरोकारवालाहरूको परिचालन गर्ने ।

**३. प्रमुख नीति तथा रणनीतिहरू**

क. मानव बेचबिखन जोखिमको मापन र जोखिम समूहको पहिचान गर्ने

ख. आय आर्जन, गरिबी निवारण, रोजगारी एवं शिक्षाका कार्यक्रमहरूमा मानव बेचबिखन तथा ओसारपसारका जोखिम तथा पीडित समूहलाई प्राथमिकता प्रदान गर्ने

ग. मानव बेचबिखन तथा ओसारपसारमा परेकाहरूको उद्धार, न्यायमा पहुँच तथा पुनर्स्थापनाको व्यवस्था गर्ने

घ. मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि संरचनागत व्यवस्था गर्ने

ङ. मानव बेचबिखन अन्त्यका लागि प्रदेश सरकार, नेपाल सरकार, प्रहरी, न्यायिक निकाय, नागरिक संस्था, सञ्चार माध्यम तथा स्थानीय समूहहरूसँग सहकार्य र समन्वय गर्नै ।

**४. मुख्य कार्यक्रमहरू**

क. जोखिम पहिचान तथा निरोध

- मानव बेचबिखनको जोखिम समूह पहिचान सम्बन्धी विभिन्न अध्ययन अनुसन्धानहरू गर्ने
- मानव बेचबिखनको जोखिममा रहेको पहिचान भएका व्यक्ति तथा परिवारलाई आर्थिक सहायता, छात्रवृत्ति, आयआर्जन, सिपमूलक तालिमजस्ता विशेष सामाजिक संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्ने
- पालिका क्षेत्रमा स्थायी बसोबास भई अन्यत्र गएका वा हराएका व्यक्तिहरूको अभिलेखीकरण गरी त्यसलाई अद्यावधिक गर्ने

- हराएका व्यक्तिहरूको खोजी कार्यलाई विशेष कार्यक्रमको रुपमा लागू गर्ने
- विपद व्यवस्थापनका कार्यमा मानव बेचबिखन जोखिमलाई प्राथमिक सरोकार मानी सुरक्षाका व्यवस्थाहरू लागू गर्ने
- अन्यत्र स्थायी बसोबास भई पालिका क्षेत्रमा अस्थायी बसोबास गर्ने, रोजगारीमा रहेका व्यक्तिहरूको अभिलेखीकरण गर्ने र नियमित अद्यावधिक गर्ने
- पालिका क्षेत्रभित्रका बसपार्क तथा चेकपोस्टहरूमा असुरक्षीत आवागमन गर्ने व्यक्ति तथा बालबालिकाहरूको अनुगमन तथा अभिलेखीकरण गर्ने ।
- वैदेशिक रोजगारी तथा मानव बेचबिखनका सवालमा सार्वजनिक सूचना, सही जानकारी तथा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।

**ख. पीडित सहायता तथा संरक्षण**

- पालिका क्षेत्रभित्र बसोबास गरिरहेका, हराएका, फेला नपरेका तथा नेपालभित्रै वा अन्य देशमा रोजगारीका क्रममा गई बेचबिखनमा परेका व्यक्तिहरूको खोजी तथा उद्धारको व्यवस्था गर्ने
- बजार अनुगमन समितिले पालिका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसाय, उद्योग तथा रोजगारीको अवस्था नियमित अनुगमन गर्ने र मानव बेचबिखन, यौन शोषण, बाल श्रम तथा बाध्यकारी श्रम प्रयोग नभएको सुनिश्चित गर्ने
- पालिका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसाय, उद्योग तथा अन्य रोजगारीका क्षेत्रहरूमा मानव बेचबिखन, यौन शोषण, बाल श्रम तथा बाध्यकारी श्रम प्रयोग भएको पाइएमा पीडितको तत्काल उद्धार गर्ने तथा सम्बन्धित रोजगारदातालाई कानुनी कारबाहीका लागि सिफारिस गर्ने
- पालिकाको नियमित वार्षिक बजेट अन्तर्गत अन्य पालिका वा सङ्घसंस्थासँग सहकार्य गरी मानव बेचबिखन, यौन शोषण, बाल श्रम तथा बाध्यकारी श्रमका पीडितहरूलाई अस्थायी सुरक्षा बास प्रदान गर्न अस्थायी आवास सेवा सञ्चालन गर्ने
- मानव बेचबिखन, यौन शोषण, बाल श्रम तथा बाध्यकारी श्रमबाट पीडित भएको पहिचान भएका व्यक्तिहरूलाई निःशुल्क कानुनी सहायता, स्वास्थ्य सेवा तथा मनोविमर्श सेवा प्रदान गर्न वार्षिक रुपमा बजेट विनियोजन गर्ने ।

**ग. पुनर्स्थापना**

- मानव बेचबिखन, यौन शोषण, बाल श्रम तथा बाध्यकारी श्रमबाट पीडित तथा प्रभावितहरूको पुनर्स्थापनाका लागि अन्य पालिका वा सङ्घसंस्थासँग सहकार्य गरी मनोविमर्श सेवा, रोजगारीमूलक सिप तालिम, निःशुल्क शिक्षाको अवसर सहितको पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने
- मानव बेचबिखन, यौन शोषण, बाल श्रम तथा बाध्यकारी श्रमबाट पीडित तथा प्रभावितहरूका लागि पालिका अन्तर्गत एक सहायता कौष स्थापना तथा सञ्चालन गर्ने
- पालिका क्षेत्रभित्र पुनर्स्थापना भएका मानव बेचबिखन तथा ओसारपसार र बाध्यकारी श्रम पीडित तथा प्रभावितहरूलाई स्वरोजगार भई जीविकोपार्जन गर्नका लागि बिउ पुँजीकौ व्यवस्था गर्ने
- पहिचान भएका मानव बेचबिखन, यौन शोषण, बाल श्रम तथा बाध्यकारी श्रमबाट पीडित तथा प्रभावितहरू अन्य पालिका तथा जिल्लाका भए पुनर्मिलन तथा पुनर्स्थापनाका लागि अन्तरपालिका प्रेषण प्रणालीको स्थापना तथा सञ्चालन गर्ने
- मानव बेचबिखन, यौन शोषण, बाल श्रम तथा बाध्यकारी श्रमबाट पीडित तथा प्रभावितहरू अन्य देशका भएको पहिचान भएमा सम्बन्धित देश फिर्तीका लागि राष्ट्रिय समितिमा प्रेषण गर्ने व्यवस्था मिलाउने

- पालिका क्षेत्रभित्रका नागरिकहरू अन्य देशमा मानव बेचबिखन, यौन शोषण, बाल श्रम तथा बाध्यकारी श्रमबाट पीडित भएको जानकारी भएमा राष्ट्रिय समितिसँग सहकार्य र समन्वय गरी उद्धार तथा स्वदेश फिर्ती गर्ने
- मानव बेचबिखन, यौन शोषण, बाल श्रम तथा बाध्यकारी श्रमबाट पीडित तथा प्रभावितहरूउपर लाञ्छना तथा विभेद गर्ने व्यक्ति, निकाय वा समूहलाई न्यायिक समिति मार्फत् दण्डसजाय गर्ने ।

**घ. समन्वय, सहकार्य तथा क्षमता विकास**

- पालिका क्षेत्रमा मानव बेचबिखन, यौन शोषण, बाल श्रम तथा बाध्यकारी श्रमको अन्त्यका लागि गैरसर कारी संस्था, सञ्चार माध्यम तथा प्रहरी निकायहरूसँग नियमित समन्वय र सहकार्य बैठकहरूको आयो जना गर्ने
- पालिका क्षेत्रभित्र रहेका सेवा प्रदायकहरूको सेवा नक्साङ्कन गर्ने र प्रेषण प्रणालीको स्थापना गर्ने
- स्थानीय समूह तथा सामुदायिक संस्था मार्फत् स्थानीय समुदायमा मानव बेचबिखन, यौन शोषण, बाल श्रम तथा बाध्यकारी श्रमका बारेमा सचेतना तथा सामाजिक परिचालनका कार्यक्रमहरू गर्ने
- स्थानीय तहमा सञ्चालन हुने मानव बेचबिखन, यौन शोषण, बाल श्रम तथा बाध्यकारी श्रम सम्बन्धी कार्यक्रमहरूलाई पालिकाको नेतृत्व र समन्वयमा एकीकृत ढङ्गले परिचालन गर्ने
- पालिकाका पदाधिकारी, जनप्रतिनिधि तथा कर्मचारीहरू, स्थानीय सेवा प्रदायका संस्थाका कर्मचारी तथा पदाधिकारीहरूका लागि मानव बेचबिखन, यौन शोषण, बाल श्रम तथा बाध्यकारी श्रमबाट पीडित तथा प्रभावित सहायता, समस्याको रोकथाम र न्यूनीकरणका कार्यहरू लगायतका विषयमा नियमित रुपमा क्षमता विकासका कार्यक्रमहरू गर्ने ।

**५. संरचनागत व्यवस्था**

पालिका क्षेत्र अन्तर्गत मानव बेचबिखन तथा ओसारपसार, यौन शोषण, बाल श्रम तथा बाध्यकारी श्रमजस्ता समस्याहरूको रोकथाम तथा न्यूनीकरण गर्न देहायका व्यक्तिहरू रहेको पालिका स्तरीय मानव बेचबिखन विरुद्धको समितिको गठन गर्ने :

| | |
|---|---|
| संयोजक | उपप्रमुख वा उपाध्यक्ष, स्थानीय तह |
| सदस्य | प्रमुख, स्थानीय प्रहरी कार्यालय |
| सदस्य | प्रधानाध्यापक, स्थानीय तहभित्रको सबैभन्दा उच्च तहको विद्यालय |
| सदस्य | प्रमुख, स्थानीय स्वास्थ्य सेवा केन्द्र |
| सदस्य | संयोजक, रोजगार सेवा तथा सूचना केन्द्र |
| सदस्य | प्रमुख, शिक्षा विकास शाखा |
| सदस्य | प्रमुख, कृषि तथा पशु विकास शाखा |
| सदस्य | स्थानीय तहमा क्रियाशील सङ्घसंस्थाका प्रतिनिधि एक जना |
| सदस्य | स्थानीय समिति, उद्योग वाणिज्य सङ्घ |
| सदस्य | मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरूमध्येबाट पालिकाले मनोनीत गरेको एक जना सदस्य (उपलब्ध भएसम्म) |
| सदस्य सचिव | शाखा प्रमुख, महिला बालबालिका तथा सामाजिक विकाससँग सम्बन्धित शाखा |

उक्त पालिका स्तरीय समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहनेछ :

- मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरू सञ्चालन गर्ने
- स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरी लगत तथा अभिलेख अद्यावधिक गर्ने, वार्षिक रुपमा तथ्याङ्क विवरण प्रदेश समिति तथा राष्ट्रिय समितिलाई उपलब्ध गराउने
- पीडित सहायता, संरक्षण, न्याय तथा पुनर्स्थापनाका लागि आवश्यक अन्तर्निकाय तथा अन्तर्स्थानीय तह समन्वयको कार्य गर्ने
- स्थानीय स्तरमा पीडित सहायता तथा मानव बेचबिखन विरुद्धका कार्यक्रमहरू सञ्चालन गर्न मानव बेचबिखन विरुद्धको कोष स्थापना र सञ्चालन गर्ने
- विदेशमा पीडित भएका पहिचान भएमा वा त्यस्तो उजुरी वा निवेदन प्राप्त भएमा आवश्यक सहायताका लागि राष्ट्रिय समितिमा प्रेषण तथा समन्वय र सहकार्य गर्ने
- स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरूमाफ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने
- स्थानीय स्तरका कार्यक्रमहरू सञ्चालन गर्न अन्य सरकारी निकाय, गैसस तथा निजी क्षेत्रसँग सहकार्य र समन्वय गर्ने
- प्रत्येक वडामा वडा अध्यक्ष वा तोकिएको सदस्यको संयोजकत्वमा मानव बेचबिखन विरुद्धको वडा स्तरीय समिति गठन, परिचालन तथा सबलीकरण गर्ने
- पालिका स्तरीय समितिको बैठक वार्षिक न्यूनतम छ पटक र आवश्यकता अनुसार सोभन्दा बढी पनि बसाउने
- पालिकामा रहेका रोजगारी प्रवर्द्धन, महिला विकास, बाल अधिकार प्रवर्द्धन, कृषि विकास, पशु विकास वा यस्तै समुदायमा केन्द्रित कार्यक्रमहरूलाई पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरूलाई लक्षित गरी सञ्चालन गर्ने ।

**६. अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी व्यवस्था**

मानव बेचबिखन विरुद्धको पालिका स्तरीय समितिले आफ्नो वार्षिक कार्य योजना तथा कार्यक्रम कार्यपालिकाको बैठकमा पेस गर्नेछ । स्वीकृत कार्यक्रम तथा कार्य योजना अनुरुप कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

मानव बेचबिखिन विरुद्ध स्थानीय तहमा भएका सम्पूर्ण कार्यक्रमहरूको अभिलेख, महिला बालबालिका शाखामा राखिनेछ । शाखा प्रमुखले त्रैमासिक रुपमा उक्त कार्यक्रमहरूको अवस्थाबारे प्रतिवेदन पेस गर्नेछ ।

वार्षिक रुपमा स्थानीय सभामा मानव बेचबिखन, बाल श्रम तथा बाध्यकारी श्रमका क्षेत्रमा भएगरेका कार्यहरूको प्रगति विवरण पेस गरिनेछ ।

for a larger freedom
स्वतन्त्रता अभियान
SWATANTRATA ABHIYAN

Bakhundole, Kupondole, Lalitpur
Tel: : 01-5546746, 01-5546790
E-mail: swatantrataabhiyan@gmail.com
www.swatantrataabhiyan.org